वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

वर्ष २ अङ्क २ पूर्णाङ्क ५१ | २०७४ असार १२ गते सोमबार | Monday, June 26, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-

## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त



काठमाडौं । नेकपा (क्रान्तिकारी माआवादी)ले चितवन निवासी नेपाली कम्युनिष्ट आन्दोलनका वयोवृद्ध नेता खम्बासिंह कुँवरकी जीवनसंगिनीको निधनप्रति दुःख व्यक्त गर्दै दिवंगत धीराकुमारी कुँवरप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ । क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'ले एक आइतबार शोकवक्तव्य जारी गर्दै भनेका छन्, "२०७४ असार १० गते चितवन निवासी क. धीरा कुमारी कुँवरको ८९ वर्षको उमेरमा देहावसान भयो । वहाँ नपाली कम्युनिस्ट आन्दोलनका वयोवृद्ध नेता क. खम्वासिंह कुँवरकी जीवनसंगिनी हुनुहुन्थ्यो । क. धीरा कुमारी कुँवरका नेकपा (माओवादी) द्वारा संन्चालित १० वर्षको जनयुद्धमा समेत महत्वपूर्ण योगदान रहेको थियो । वहाँको निधनवाट हामी निकै दुःखित भएकाछौ । यस दुःखद अवसरमा हाम्रो पार्टी क. धीरा कुमारी कुँवरप्रति भावपूर्ण श्रद्वान्जलि अर्पण गर्दछ । साथै क. खम्वासिंह कुँवर सहित सम्पूर्ण परिवारजनप्रति पनि हार्दिक समवेदना प्रकट गर्दछ ।'

# देजमोका उम्मेदवारहरूको पक्षमा मतदान गर्न हार्दिक अपील

◆ वर्गदृष्टि संवाददाता



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले एक सार्वजनिक अपील जारी गर्दै आम जनसमुदायलाई मोर्चाका उम्मेदवारहरूको पक्षमा मतदान गर्न हार्दिक आग्रह गरेको छ । अपीलको पूर्णपाठ यसप्रकार रहेको छ :

"आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू,

ठूलो क्रान्तिकारी आन्दोलनले धक्का खाए पश्चात हाम्रो देश लामो समय देखि संक्रमणकालको अवस्थाबाट गुज्रिरहेको छ । क्रान्ति र प्रतिक्रान्तिका बीचको द्वन्दका कारण पैदा भएको यो संक्रमणकाललाई अन्त गरेर देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूले आफ्नो वर्चस्व कायम गर्ने ठूलो कसरत गरिरहेका छन् । कथित संविधानसभा-२ को प्रायोजित निर्वाचनले देशमा प्रमुख पश्चगामी र यथास्थितिवादी पार्टीहरू नेपाली कांग्रेस, नेकपा (एमाले), माओवादी केन्द्र (मा.के) र रा.प्र.पा.लाई सत्ताको मुख्य स्थानमा ल्याउने काम गर्‍यो । यसले नेपालको वर्तमान पश्चगामी संविधान जारी गर्नका लागि मार्ग प्रशस्त पनि गर्‍यो । त्यस प्रकारको संविधान जारी पनि गर्‍यो । तर त्यो संविधान जनताको बीचमा स्थापित हुन भने सकेन । जनताको ठूलो हिस्साले त्यसको अपनत्व लिएको छैन । उनीहरूले सोचे जस्तो प्रतिक्रियावादीहरूको वर्चस्व कायम हुने गरि संक्रमण कालको अन्त्य गर्ने तिनीहरूको योजना अझै सफल हुन सकेको छैन ।

राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न, जनताको जनवादी अधिकार र जनताका दैनिक जीवनसँग जोडिएका समस्याहरूको समाधान हुने आशा लिएका नेपाली जनता निराश र केही मात्रामा आक्रोशित पनि भएका छन् । ...बाँकी ८ पेजमा

**देजमोका उम्मेदवारहरूको चुनाव चिन्हसहितको विवरण पृष्ठ ४ र ५ मा**

## क्रान्तिकारी माओवादीको तमुवान राज्यमा स्कूलिङ सम्पन्न

पोखरा । कम्युनिष्ट नामधारी दर्जनौं कम्युनिष्ट पार्टी भएको नेपालमा मालेमावादी विचार सिद्धान्तको खडेरी परिरहेको छ । सुधारवादी, संशोधनवादी र अवसरवादी कम्युनिष्टहरूले विचार सिद्धान्तको महत्वलाई असाध्यै न्यूनीकरण गर्ने, धुमिल पार्ने, विकृत पार्ने र स्वार्थ अनुसार व्याख्या गर्ने गरेका कारण कम्युनिष्ट क्रान्तिकारीहरू समेत भ्रममा पर्ने गरेका छन् । आम श्रमजीवि जनतालाई समेत वास्तविक र क्रान्तिकारी कम्युनिष्ट पार्टी पहिचान गर्न समस्या परिरहेको छ । अवसरवादी, संशोधनवादी र सुधारवादी कम्युनिष्टहरूले वास्तविक र क्रान्तिकारी कम्युनिष्ट पार्टीमाथि चौतर्फी हमला बोलिरहेको अवस्थामा सही रूपमा मालेमावादको वैचारिक सैद्धान्तिक पथप्रदर्शनमा त्यसको क्रान्तिकारी आत्मालाई आत्मसात् गरेर हिड्ने संकल्प ...बाँकी ८ पेजमा

## गोर्खा भर्ती सम्झौता खारेज गर्न माग

काठमाडौं । ब्रिटिस-गोर्खा भूतपूर्व सैनिक संघ (बिगेसो) ले भारत र बेलायतले एकपक्षीय रूपमा गरेको १९४७ को सन्धि-सम्झौता खारेज गर्न माग गरेको छ ।

बुधबार रिपोर्टर्स क्लबमा बिगेसोले पत्रकार सम्मेलन गरेर यस्तो माग गरेको हो । बिगेसोका सभापति पदम सुन्दर लिम्बुले समान पेन्सन, १९४७ को असमान सन्धी लगायत कुरामा नेपाल सरकार लाचारी भएर हेरिरहेको बताए ।

उनले भने, 'विश्वमा स्वाभिमान र विर गोर्खालीको नामले चिनिएको नेपालको ईतिहास लोकतन्त्र र विधिको शासनको जन्मदाता भनेर आफूलाई भन्ने देश बेलायत र भारतबाट नै यस्तो विभेदकारी आँखाले हजारौ नेपालीहरू पीडित हुँदा पनि सरकार चुप छ ।'

नेपाल सरकार परराष्ट्र मन्त्रालयले दिएको लिखित जानकारी अनुसार ब्रिटिस सैनिकको रूपमा बेलायत पुगेर मर्नेको संख्या १२ जनाको नाम दिएको भन्दै सभापति लिम्बूले यो पूर्ण गलत र हास्यास्पद भएको उल्लेख गरे ।

उनले भने, '२०२ वर्ष देखि नेपाली युवाहरू वेलायतमा सैन्य भर्तिमा गएको इतिहास छ, के आजसम्म १२ जनाले मात्रै ज्यान गुमाएका छन् ?, सरकार आफ्ना नागरिकहरूप्रति यति बेखबर छ भनेर साध्य नै छैन्, कति बेपत्ता छन्, कति उतै हराएका छन्, कति मरेका छन्, त्यसको यथार्थ जानकारी न त नेपाल सरकारसँग छ, न त वेलायत सरकारसँग, वेलायतमा पुगेका सैनिक मात्रै गोर्खा होईनन् अन्य देशमा पनि नेपालीलाई सैनिकलाई वेलायतले पठाउने गरेको छ, त्यो सन्धिभित्र प्रर्दैन, त्यो मावन तस्करी हो, सेनाको लागि लिएका सेनालाई पैसा आर्जन गर्न लगाउँने जस्तो गैर कानुनी कार्य गरेको छ, यस्तो अवस्था पनि नेपाल सरकार कानमा तेल हालेर सुतेको छ ।'

पेन्सनको विषयमा सभापति लिम्बुले भने, 'यस विषयमा ठूलो वि भेद छ, वेलायती सेनाले लगभग ७ सय पाउण्ड पाउछ भने, गोर्खा सेनाले २ सय पाउँने गरेको छ, त्यस्तै २२ वर्ष सेवा अवधि पार गरेको जवानलाई बेलायत सरकारले पुरै पेन्सन दिईने प्रावधान छ, तर गोर्खालाई १५ वर्षमै अवकास गराईन्छ, त्यो जबरजस्त हो, यो सन्धिभित्र पर्दैन, त्यही १५ वर्षको सेवालाई पनि ३६ प्रतिशतको मात्रै गणना गरिन्छ, त्यो भनेको करिब ६ वर्षको मात्रै पेन्सन प्रधान गरिन्छ यो अन्याय हो, यो नेपालको स्वाभिमानसँग जोडिएको विषय पनि हो ।'

त्यस्तै नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी) का नेता परी थापाले आफ्नो पार्टी ब्रिटिस गोर्खा भुतपूर्व सैनिकका मागहरूमा गम्भीर रहेको बताए ।

उनले भने, 'सबैभन्दा पहिले यो सन्धि खारेजी हुनपर्छ, हामी स्वाभिमानी ...बाँकी ७ पेजमा

## दार्जिलिङबासीको जाजय माग सम्बोधन गर्न क्रान्तिकारी माओवादीको आग्रह

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले भारतको पश्चिम बंगाल प्रान्त अर्न्तगत दार्जिलिङ्ग क्षेत्रका उत्पीडित नेपाली भाषाभाषीका जनताले गोर्खालैण्डको माग राखी गरेको आन्दोलनमाथि पश्चिम बंगाल सरकारले गरेको दमन र आन्दोलनकारीको गोली हानी गरेको हत्याको तीव्र विरोध एवम् भर्त्सना गरेको छ । क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'ले एक सार्वजनिक प्रेस वक्तव्य जारी गर्दै यस्तो विरोध एवम् भर्त्सना गरेका हुन् ।

वक्तव्यमा अध्यक्ष किरणले भनेका छन्, 'पाठ्यपुस्तकहरूमा बंगाली भाषालाई अनिवार्य बनाइएकोमा त्यसको विरोध गर्दै तथा गोर्खालैण्डको माग समेतलाई जोड्दै जनताद्वारा अगाडि बढाएको शान्तिपूर्ण आन्दोलनमाथि पश्चिम बंगाल सरकारले निर्मम दमन तथा धरपकड गरी आन्दोलनकारीहरूलाई यातना दिने, गोलीहान्ने गरिएको छ । हाम्रो पार्टी आन्दोलनकारी जनतामाथि गरिएको निर्मम दमनको तीब्र भर्सना गर्दछ ।'

मंगलबार जारी गरिएको वक्तव्यमा अगाडि भनिएको छ, 'साथै, दार्जिलिङ्ग क्षेत्रमा नेपालीभाषी भारतीय जनताले आन्दोलनका क्रममा राख्दै आएका जायज मागहरूको अविलम्ब सम्बोधन गर्न, आन्दोलनमा सहादत प्राप्त जनताका छोराछोरीहरूलाई ...बाँकी ७ पेजमा

## कथित परिमार्जित संसदीय व्यवस्थाको विकृत स्वरूप

**स्थानीय तहका निर्वाचनको उदेकलाग्दो र रमाइलो पक्ष के छ भने त्यो पहिलो तोकिएका एक चरणमा सम्पन्न हुन नसकेर चरणबद्धरूपमा अगाडि बढेको छ**



● परि थापा

नेपालको राजनीतिक इतिहासका सन्दर्भमा खास गरेर राजनीतिक व्यवस्थाहरूको परिवर्तन हुने क्रममा घुमिफिरी संसदीय व्यवस्था नै आइलाग्ने गरेको छ । त्यसक्रममा संसदीय व्यवस्थाको आउने जाने सिलसिला पनि चलिरहेको छ । विगतमा १०४ वर्ष लामो जहानियाँ राणा शासनको अन्त्यपछि २०१५ सालमा पहिलोपटक संसदीय व्यवस्था आएको थियो र छोटो समयावधिमै त्यसको अन्त्य पनि भएको थियो । त्यसैगरी ३० वर्ष लामो निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्यपश्चात् २०४८ सालमा पनि पुनः संसदीय व्यवस्था नै आएको थियो । त्यसैगरी त्यसको १४ वर्ष नबित्दै तत्कालीन राजा ज्ञानेन्द्रले त्यतिखेरको संसद प्रधानमन्त्री शेरबहादुर देउवामार्फत २०६१ मा विघटन गराएर आफ्नो हातमा निरंकुश सत्ता हासिल गरेका थिए । राजा ज्ञानेन्द्रले जनआन्दोलन सामु घुँडा टेकेपछि फेरि २०६३ मा तत्कालीन संसद (प्रतिनिधिसभा) पुनर्स्थापना भएको थियो । तत्पश्चात् २०६४ मा संविधानसभाको निर्वाचन भएर राजनीतिक संक्रमणकालको सुरुआत भएपछिको ...बाँकी ७ पेजमा

## नयाँ मोडमा गोर्खाल्याण्ड आन्दोलन

दार्जिलिङ । गोर्खाल्याण्ड आन्दोलनका क्रममा पश्चिम बंगाल सरकारले नृशंस दमन गरेपछि र दमनको क्रममा आन्दोलनको मुख्य नेतृत्वमाथि टार्गेट गरेपछि विमल गुरुङ अहिले भूमिगत बनेका छन् । गोर्खा जनमुक्ति मोर्चाका अध्यक्ष समेत रहेका गुरुङले जिटिए अर्थात् गोर्खा टेरिटोरियल एडमिनिस्ट्रेटिभ (जीटीए)बाट समेत राजीनामा दिइसकेका छन् । गुरुङसहित महासचिव रोशन गिरी, सहसचिव विनय तामाङ, नारी मोर्चा प्रमुख आशा गुरुङसहित जिटिएका ४५ सभासद्मध्ये ४३ सभासद्ले शुक्रबार अर्थात् २३ जुन, ०१७ मा संयुक्त राजीनामा दिएपछि अगल गोर्खा ल्याण्ड राज्य प्राप्तिको आन्दोलन अझ घनिभूत बनेर गएको छ ।

लोकप्रिय बनेको गोर्खा जनमुक्ति मोर्चाका कारण छेऊ लागेका सानातिना पार्टीहरू पनि एकै ठाउँ उभिन आइपुगेका छन् र गोर्खाल्याण्डको माग अझ खरो बनेको छ । भारतीय गोर्खा परिसंघ (भागोप), अखिल भारतीय गोर्खा लिग, गोर्खा जनमुक्ति मोर्चा, हिल कंग्रेस, गोर्खा राष्ट्रिय मुक्ति मोर्चा, गोर्खा राष्ट्रिय निर्माण मोर्चा, भाजपा हिल, दार्जिलिङ-डुवर्स युनाइटेड डेभलपमेन्ट फाउण्डेसन, जनआन्दोलन पार्टी र क्रान्तिकारी मार्क्सवाद कम्युनिष्ट पार्टी सम्मिलित बैठकले अनिश्चितकालीन हड्तालालाई निरन्तरता दिने निर्णय गरेको छ ।

गोर्खाल्यान्डबाहेक कुनैपनि मागमा सहमति नजनाउने अडानमा रहेको मोर्चाले गरेको आमहड्ताल जारी रहँदा समस्या समाधान गर्ने प्रयासमा पश्चिम बंगाल राज्य सरकारले बिहीबारका लागि सिलिगुडीमा बोलाएको बैठक मोर्चाले बहिष्कार गरेको थियो । केन्द्र सरकारसँग मात्रै, त्यो पनि गोर्खाल्यान्डको विषयमा मात्रै वार्ता गर्ने अडानमा मोर्चा पुगेको छ ।



## सम्पादकीय

# विस्तारवाद र कांग्रेस-माके साँठगाँठ

संसदीय व्यवस्थामा गरिने चुनावी परिणामले जनताको वास्तविक जनमतको प्रतिनिधित्व गर्दैन । सत्ता र शक्तिको दुरूपयोग गर्दै परिणामलाई आफ्नो पक्षमा पार्न संसदवादीहरूले सबै हत्कण्डा प्रयोग गर्ने हुनाले पनि जनमतको उचित कदर र प्रतिनिधित्व यस्तो व्यवस्थामा हुँदैन । सत्ता र शक्तिमा भएकाहरूले आफ्नो दलीय स्वार्थ अनुसार यस्ता निर्वाचनहरू गरिने हुँदा यसलाई श्रमजीवि जनताले नौटंकीको रूपमा लिने गर्दछन् ।


कहिं नभएको जात्रा हाँडी गाउँमा भनेजस्तै नेपालमा स्थानीय तहको निर्वाचन नै तीन तहमा सम्पन्न हुँदैछ । त्यसमा पनि तेस्रो चरणको निर्वाचन हुने नहुने अझै निश्चित भइसकेको छैन । नेपालमा जे हुन्छ, सबै भारतीय विस्तारवादको डिजाइनमा हुन्छ भनेजस्तै यहाँ हरेक गतिविधिका पछाडि भारतीय सत्तासिन शासकहरूको हात रहेको हुन्छ भन्ने आशंकालाई घटनाक्रमहरूले पुष्टि समेत गर्दै आएका छन् । सत्ता समीकरणदेखि तीन चरणको चुनावसम्मको सबै खेलमा रिमोर्ट कन्ट्रोलको काम दिल्लीले गरेको देखिन्छ ।

नेपालजस्तो सानो मुलुकमा स्थानीय तहको निर्वाचन पनि तीन चरणमा गर्नुपर्ने परिस्थिति सिर्जना हुनु भनेको संसदीय व्यवस्था र यसका शासकहरूको असफलताको अभिव्यक्ति हो । कार्यपालिका र न्यायपालिकाको यसबीचमा देखिएको द्वन्द्व, राज्यका सबै निकायमा बढ्दो राजनीतिककरण र भ्रष्टीकरणले विद्यमान दलाल तथा नोकरशाही पुँजीपति वर्गमा आधारित संसदीय व्यवस्थाको विघटनको संकेत गर्दछ । शासकीय संरचनालाई थिलथिलो पारेर नेपालमा अस्थिरता पैदा गराई आफ्ना स्वार्थहरूको संरक्षण र संबर्द्धन गर्दै आएको भारतीय विस्तारवादले कांग्रेसका सभापति शेरबहादुर देउवा सत्तासिन भएपछि देउवामार्फत् आफ्ना थप स्वार्थहरूको संबर्द्धन गर्न खोजिरहेको छ ।

देउवाको भ्रमणको समय-तालिका मिलाउन उपप्रधानमन्त्री समेत रहेका कृष्णबहादुर मोहरा दोस्रो चरणको निर्वाचन सकिएलगत्तै भारत भ्रमणमा जाँदैछन् । देउवा र मोहराले नै दिल्लीका शासकहरूसँग गरेको सहमतिका आधारमा कांग्रेस र माओवादी केन्द्रको साँठगाँठ हुँदै आएको हो । हिजो टाउकाको मूल्य तोक्ने कांग्रेससँग यसरी घाँटी जोड्ने स्थितिमा माकेलाई पुऱ्याउन मुख्य भूमिका दिल्लीका शासकहरूले नै खेलेका हुन् । कम्युनिष्ट आदर्श, मूल्यमान्यताबाट च्यूत गरी माकेलाई कांग्रेसकै आचार व्यवहारमा ढाल्न खेलेको दिल्लीका शासकहरूको भूमिकाप्रति अहिले माकेजनमा यही कारण दलाली मानसिकता हावी बन्न पुगेको राजनीतिक वृतमा गरिदो तर्कलाई नजरअन्दाज गर्ने स्थिति छैन ।

माओवादी केन्द्रका नेता प्रचण्डको उपयोगिता सकिएकोले अब एमाले, मधेसवादी शक्तिसहितको समीकरण बनाएर प्रचण्डलाई सत्ताबाट गलहत्याउने खेल पनि भइरहेको चर्चालाई मिथ्या मान्न सकिन्न । नेपाल मामिलामा सँधै दोहोरो नीति अपनाउँदै आएको भारतीय विस्तारवादी शासकहरूले प्रचण्ड र उनको पार्टीलाई सत्ताच्यूत गरे अचम्म मान्नुपर्ने स्थिति रहने ठाउँ छैन । तर माओवादी केन्द्रका नेताहरूको त्यस पछाडी पनि होस फिर्ने सम्भावना चाहिं रतिभर पनि देखिन्न ।


परिवर्तनको सम्वाहक





सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# क्रान्तिकारी कम्युनिष्टहरूले बुझ्नैपर्ने जरुरी महत्वको सैद्धान्तिक सवाल



● ईश्वर ढुंगेल ●

मार्क्सवादी शिक्षाको कुरा गर्दा जहिले पनि तीन स्रोत र तीन संघटक अंगको बारेमा स्पष्ट हुनुपर्छ । जर्मन दर्शन, बेलायती अर्थशास्त्र र फ्रान्सेली समाजवाद तीन स्रोत र द्वन्द्वात्मक भौतिकवाद, मूल्यको श्रम सिद्धान्त अर्थात् अतिरिक्त मूल्य र इतिहासको भौतिकवादी अवधारणा अर्थात् वर्गहरूको संघर्ष तीन संघटक अंग हुन् ।

यो भौतिक संसारको अस्तित्व, रूपान्तरण र विकास द्वन्द्वात्मक पद्धतिबाट हुन्छ । हाम्रो चेतनामात्र होइन, बानरबाट नर (मानिस) भएको पनि श्रम अर्थात् पुनर्उत्पादनको लागि गरेको संघर्षको परिणाम हो । मानिसले उत्पादनका लागि गरेको संघर्ष अर्थात् आर्थिक क्रियाकलापको जगमा राजनीतिक, साँस्कृतिक, मनोबैज्ञानिक आदि संरचनाहरू खडा हुन्छन् । परिवर्तन क्रमिक रूपमा नै हुन्छ तर यसको गति भने सापेक्षिक रूपमा मन्द वा तिब्र हुन्छ । यसको गति मानिसहरूको क्रियाकलापमा भर पर्दछ ।

संसारमा जति पनि भौतिक वस्तुहरू छन्, यी कसैले निर्माण गरेको होइन, यो प्राथमिक तत्वहरूको संयोजन हो । भौतिक वस्तुमा रहेको द्वन्द्वात्मक सम्बन्ध नै गति हो । जहाँ भौतिक वस्तु हुन्छ, त्यहाँ गति हुन्छ , जहाँ गति हुन्छ , त्यहाँ भौतिक वस्तु छ भन्ने बोध हुन्छ । वस्तुमा रहेको गतिको कारण घर्षण हुन्छ र घर्षणले ताप उत्पन्न हुन्छ र तापमा हुने परिवर्तन (कमी वा बढी) का कारणले वस्तुको रूपमा परिवर्तन हुन्छ । जैविक विकासको नियम निषेधको निषेधको आधारमा हुन्छ । निषेधको निषेधको गति सधैं बेरुवाकारमा हुन्छ अर्थात् यो घुम्दै घुम्दै तल/माथि बढ्ने हुन्छ अथवा यो घुम्दै घुम्दै फैलिएर जाने हुन्छ ।

हेगेलले सन् १८१६ मा व्याख्या गरेको द्वन्द्ववादको नियममा प्रत्येक वस्तुमा प्रतिपक्षता हुन्छ भनेका थिए । त्यो वैज्ञानिक खोजको क्रममा सन् १८९७ मा अणुमा ऋणात्मक चार्ज भएको इलेक्ट्रोनको पत्तालगाए, सन् १९२० मा अणु भित्र धनात्मक चार्ज भएको प्रोटोन र १९३२ मा कुनै पनि चार्ज नभएको न्युट्रोन हुन्छ भनेर वैज्ञानिकहरूले पत्ता लगाए पछि द्वन्द्ववादको नियमको पुष्टि भयो । सन् १९६० को दशकको सुरुमा प्रोटोन र न्युट्रोनहरू स-साना क्वार्कहरू मिलेर बनेका हुन्छन् भन्ने सिद्धान्त वैज्ञानिक मुरे गेलम्यानले प्रतिपादन गरे । सन् १९९५ सम्ममा छवटा क्वार्क पत्तालगाई नामाकरण भयो । यी क्वार्कहरू एकआपसमा जोडिदा पनि जोडिदैनन् र सामान्य बल लगाएर छुट्याउन पनि सकिदैन भन्ने तथ्य पनि प्रमाणित भयो । द्वन्द्ववादको प्रतिपक्षता र एकत्व सम्बन्धी नियम बीशौं शताब्दीको अन्त्यमा वैज्ञानिकहरूले पुष्टि गरे ।

मार्क्स पुँजीको प्रथम खण्डको पहिलो संस्करणको भूमिकामा लेख्छन् "आर्थिक रूपहरूको विश्लेषण गर्न न त सुक्ष्म दर्शक यन्त्रबाट कुनै मद्दत मिल्छ न त रसायनिक विश्लेषणको विधिबाट .........बुर्जुवा समाजमा श्रमको उत्पादनको वस्तुको रूप वा वस्तुको मूल्य रूप आर्थिक कोशिकाको रूपमा हुन्छ ।" शोषण केबाट र कसरी हुन्छ भन्ने कुरा पत्ता लगाउन द्रव्य अर्थात् पुँजीको कोशिकाको रूपमा रहेको वस्तु र त्यसलाई उपयोग गर्न हुने बनाउन लगाइने श्रमको बारेमा जान्नै पर्छ । संसारमा रहेका भौतिक वस्तुहरूमा हावा र प्रकाश बाहेक सबै वस्तुहरूको उपयोग गर्न श्रम अनिवार्य हुन्छ र त्यही श्रमले मूल्यको आकार लिन्छ । श्रमको त्यही मूल्य नै पुँजीको आधारशीला हो । जंगलको जामुनुको र खोलाको बालुवाको मूल्य हुदैन । जामुनु श्रम लगाएर वा टिपेर गाउँ वा बजारमा लग्यो भने माना वा किलोमा र बालुवा बोरामा वा ट्रेक्टरमा हालेर गाउँ वा बजारमा लगेपछि त्यो बिक्री हुन्छ । जामुनु वा बालुवा टिपेर वा भरेर बजारसम्म पुऱ्याउने श्रम नै त्यसको मूल्य हो ।

श्रम मूल्य हो भने अतिरिक्त मूल्य कसरी लिइन्छ ,यसवारे संक्षिप्त चर्चा गरौं । जामुनु टिपेर खाँदा हुन्छ तर धान फाँकी मार्न हुदैन अर्थात चिउरा खाए जस्तो खपाखप खान मिल्दैन । त्यसको लागि श्रमका साधनहरूको प्रयोग गर्नुपर्छ अर्थात् औजारहरूको प्रयोग गर्नुपर्छ । औजार सामुहिक श्रम प्रक्रियाको उपज हो । यी उपजहरूलाई पुँजीपतिहरूले आफ्नो हातमा लिएर त्यसको प्रयोग गरे वापत अतिरिक्त श्रम गर्न लगाउँछ । त्यही नै श्रमको शोषण हो । काम गर्ने क्रममा औजारलाई परिस्कृत तथा आधुनिक र स्वचालित बनाउने काम पनि मजदुरहरूको सामुहिक प्रयासबाट नै हुन्छ । तर, त्यसको प्रतिफल पुँजीपतिले आफूले लिन्छ । यसरी श्रमिकहरूको शोषण अझ गहन बन्दै जान्छ ।

यो प्रकृति (ब्रह्माण्ड) जुन नियमका आधारमा चल्दछ मानव समाज मात्र नभएर प्राणी जगतको अस्तित्व, रूपान्तरण र विकास पनि त्यही नियम अनुसार नै हुन्छ । दर्शनको अध्ययनको विषय वस्तु भनेको प्रकृतिमा भएका वस्तुहरूको आपसी सम्बन्ध वातावरणीय उतारचढावबाट हुने परिवर्तनका साथै प्रकृतिका वस्तु र त्यससँगको मानव जीवनको अन्तरसम्बन्ध र अन्योनक्रियाको अध्ययन नै दर्शनशास्त्रको अध्ययनको विषय वस्तु हो ।

दर्शनशास्त्रको अध्ययनमा त्यसको मूल नियमहरू र प्रवर्गहरूको बारेमा स्पष्ट भए पछि मात्र हामी वस्तु , विषय र विचारधाराका बारेमा आफ्नो दृष्टिकोणलाई सही रूपमा प्रस्तुत गर्न सक्छौं । प्रवर्गको बारेमा पनि द्वन्द्वात्मक भौतिकवादी, ऐतिहासिक भौतिकवादी र ज्ञान सिद्धान्तका प्रवर्गहरूलाई सप्रसंग बुझ्नु पर्छ । विषय वस्तुलाई हेर्ने दृष्टिकोण सापेक्षताका साथसाथै आयामिक पनि हुनुपर्छ । तब मात्र विषय वस्तुहलाई जस्ताको त्यस्तै रूपमा बुझ्न सकिन्छ ।

पेरिस कम्युनको आन्दोलन पछि पुँजीवादीहरू सतर्क भए। कम्युनिष्टहरूका क्रियाकलापहरू माथि निगरानी गर्न थाले । कम्युनिष्ट पार्टीको घोषणा पत्रमा मार्क्सले स्पष्ट रूपमा उल्लेख गरेका छन् "जुन हतियारद्वारा पुँजीपतिहरूले सामन्तवर्गको अन्त्य गरे, उनीहरूले यस्तो हतियार मात्र निर्माण गरेनन् जसले उनीहरूको अन्त्य गर्नेछ । उनीहरूले त यस्ता मानिसहरू पनि उत्पादन गरे जसले उनीहरूका विरुद्ध त्यही हतियार प्रयोग गर्ने छन् । ती हुन् आजका मजदुरहरू, आजका सर्वहाराहरू ।" यसले के स्पष्ट हुन्छ भने पुँजीपतिहरूले आफै आफ्नो चिहान खनिरहेका छन् । पुँजीपतिको अन्त्य कुनै वाह्य शक्तिबाट नभई उनीहरू कै क्रियाकलापबाट सिर्जित शक्तिले नै उनीहरूको अन्त्य गर्नेछ ।

जब रूसमा सन् १९१७ मा कम्युनिष्टहरूले जारशाहीको सत्ता पल्टाई दिए । जनसंख्याको हिसाबले संसारको विशाल मुलुक चीनमा पनि सामन्ती व्यवस्थाको अन्त्य गरी नयाँ जनवादी व्यवस्था कायम भए पछि संसारका पुँजीपतिहरू थर्कमान भए । अझ यहाँ के कुरा स्मरणीय छ भने कम्युनिष्ट पार्टीको घोषणा पत्रमा उल्लेखित "उत्पादनका समस्त साधनहरूको तिब्र विकास र सञ्चारका साधनहरूको असिमित सुविधाले गर्दा पुँजीजीवी वर्गहरूले सबै राष्ट्रहरूलाई यहाँसम्म कि असभ्यभन्दा पनि असभ्य देशहरूलाई समेत सभ्यताको परिधिमा (घेरा भित्र) ल्याउँछ । उसका वस्तुहरूको सस्तो मूल्य नै यस्तो तोप हो जसको मद्दतले सारा चिनीयाँ पर्खाललाई ध्वस्त पारी दिन्छ ।" यहाँ मुख्यतः दईवटा कुरामा जोड दिइएको छ । पहिलो उत्पादनका समस्त साधनहरूको तिब्र विकासले सस्तो मात्र नभई बजारमा पहुचका लागि दोस्रो यातायात 'र सञ्चारको साधनहरूमा भएको असीमित सुविधाले संसारलाई नजिक बनाइ आपूर्तिलाई सहज भएको छ । साम्रज्यवादीहरू आफ्ना लागि संसारका सबै बजार खुला हुनुपर्छ भन्दै आफ्नो देशमा कोटा निर्धारण गर्दथे । आज चिनीया सस्तो सामानले साम्राज्यवादीहरूको बलियो पर्खाल भत्काई दिएको छ । अमेरिकी तथा युरोपीय मुलुकहरू बर्षेनी अरबौं डलर घाटा बेहोरिरहेका छन् चीनसँगको व्यापारमा । अनेकौं किसिमका सामरिक, राजनीतिक, आर्थिक, प्राविधि, साँस्कृतिक र मनोवैज्ञानिक रूपमा पचार गरेर दवाब दिए पनि साम्राज्यवादीहरूको राष्ट्रिय आय गिर्दो अवस्थामा छ ।

यसबाट स्पष्ट हुन्छ कि क्रान्तिकारी कम्युनिष्टहरूले मार्क्सवादी दर्शन, राजनीतिक अर्थशास्त्र र ऐतिहासिक भौतिकवाद अर्थात् वर्ग संघर्षको अपरिहार्यतालाई बुझेपछि मात्र नयाँको अवश्यंभावी विजयलाई बुझ्न सकिन्छ । अर्को शब्दमा भन्दा परिवर्तनप्रति दृढ विश्वास हुन्छ ।

*९ असार, ०७४*

## झर्रोटर्रो

✍ कैलुब्राह

# चुनावी विकास

यतिखेर नेपाल मण्डलको आधाआधि भागमा गाउँले तहको चुनावी मनसुनले वातावरण तातिएको छ । गत बैसाख ३१ गतेबाट सुरु भएको चुनावी मनसुन आगामी असोज पहिलो हप्तामा गएर समाप्त हुने कुरा सिँहदरबारका सरकारी मौसमविज्ञहरूले बताएका छन् । 'अरूलाई अरूकै रन्को घरज्वाइँलाई खानकै रन्को' भनेझैं किसानलाई बर्सदिन खाने खेती गर्ने चटारोका बेला राजनीतिक दलहरूलाई चुनाउको चटारो परेको छ । खाई नखाई, भ्याई नभ्याई गरेर तँछाड मछाड गर्दै आआफ्ना विकासे कुम्ला कुटुरा बोकेर रैती मनुवाहरूका घरघरमा सत्ताधारी लाउकेहरू ठूलठूला लाउडिस्पिकरबाट जादूको छडिझैं विकासे योजना बाँटिरहेका छन् । उनीहरूले बाँटेको जादूको छडिले चुनाउपछि यो नेपाल मण्डल संसारकै उच्चकोटीको हुने छ र यसले कुइरे खइरेहरूको मुलुकलाई पनि उछिनेर सबैभन्दा पहिला अर्को ग्रहमा यो मण्डलका मनुखेहरूलाई बसाइँ सराइँ गरेर लैजाने छ । संसारका ठूलठूला विद्धान, वैज्ञानिक, योजनाकार, समाजशास्त्री, दार्शनिकहरूलाई पनि उछिन्ने विद्वान नेता र दलहरू आजसम्म कता गएका थिए होला ? यो कैलुब्राहलाई बडो आश्चर्य लागेको छ । यिनका चुनावी विकसे कुम्ला कुटुरा फुकाएर हेरेको त बाफरे बाफरे बाफरे..., कति हो कति विकास त । नेपालका रैती मनुवाहरूले यस्तो विकासको भार थाम्नै नसक्ने खालको पो छ त ।

चुनाउमा विकासे दलहरूले रैतीहरूलाई बाँटेका विकासे पोका पन्तुरा हेर्ने हो भने आजसम्म रैतीहरूले जे जति दुःखसास्ती भोगे पनि अब भोग्नु नपर्ने भएको छ । यिनीहरूको विकासे पन्तुरा हेर्दा लाग्छ कि यिनीहरूले आजसम्म सत्ता चलाएकै छैनन् । मानौ अहिले सत्तामा भएका दलहरू पनि यिनीहरू होइनन् । यिनीहरूले सत्ता चलाएको भए त अहिले बाँटेका विकासे योजना किन लागू गरेनन् ? यत्रो विधि विकासे योजना निर्माण गरेका दलहरूको हातमा सरकार भैदिएको भए त यो मण्डलका रैती मनुवाहरू उहिल्यै अन्तरिक्षमा पुग्दा रहेछन् । यतिखेर चुनाउमा मेरो दललाई जिताउनुस् म झिलिमिली पार्छु भनेर पो भन्छन् त सबै लाउकेहरू । सरकारवादी लाउके दलहरूले चुनाउमा बाँटेका विकासे योजना यस्ता छन् -

चारतारे दल भन्छ- 'राणा हटाउने चारतारे, पञ्चायत हटाउने चारतारे, राजा हटाउने चारतारे, गणतन्त्र ल्याउने चारतारे, संविधान लेख्ने चारतारे, चारतारेलाई भोट दिनुस विकास ल्याउँछ चारतारे ।' राणा हटाएको दावी गर्ने चारतारे दलले २०१५ सालमा एकलौटी बहुमत ल्याएको थियो तर राणा हटाएर ल्याएको बहुदललाई राजाले ख्वाप्पै खाइदियो । राजतन्त्र हटाउन हुँदैन गणतन्त्र हाम्रो एजेण्डै होइन भन्ने चारतारेले कतिबेला राजतन्त्र हटाएछ कुन्नी । ०४७ सालको संविधान संसारकै उत्कृष्ट संविधान हो भनेर सेना पुलिस लगाएर गाउँगाउँमा रैती मनुवालाई गोली भुटुटुटु पार्ने चारतारेले गणतनत्र कतिबेला ल्याएछ ? यो कैलुब्राह त विलखबन्दमा पो पऱ्यो त । अहिले चुनावी प्रचारमा गरेको विकासे पुन्तुरो उतिवेलै लागू गरेको भए कस्ले छेकेको थियो र ? ०४७ सालदेखि अहिलेसम्म सत्तामा लगातार चारतारेकै हालहुकुम चलेको छ । देश विकास गरेर झिलिमिली पार्न कस्ले रोकेको थियो र ? तैपनि रैतीलाई भेडाबाखाझैं खरिद बिक्रि गर्न सफल भएकै छ ।

सूर्यछाप दल भन्छ- 'भत्ता दिने सूर्यछाप, जग्गा दिने सूर्यछाप, सूर्यछापमा भोट दिनुस २४सै घण्टा घाम ल्याउँछ सूर्यछाप ।' मानौ सूर्यछापले जित्यो भने अब नेपाल मण्डलमा घाम अस्ताउने नै छैन । चकाचौंध हुने छ । ०४७ यता चार पटक आफ्नै नेतृत्वको सरकार र अरू समयमा भागशान्ति मिलिजुली सरकार चलाएको सूर्यछापलाई पूर्वपश्चिम रेल गुडाउन, हावाबाट विजुली निकाल्न, देशमा ठूलठूला उद्योगधन्दा खोलेर विदेशीएका युवालाई देशमै अड्याएको भए हुन्थ्यो । बुढाबुढीलाई भत्ता दिएको फूर्ती लाउने सूर्यछापले ती बुढाबुढीका सन्तानलाई विदेशिन रोकेको भए के हुन्थ्यो ? कूलमानले लोडसेडिङ हटाउँदा कमिसन खान रोकियो भनेर कर्मचारीलाई उकासेर हडताल गर्न लगाउने सूर्यछापले गर्ने झिलिमिली विकास कस्तो होला ? यो कैलुब्राह सोचमग्न छ ।

२०६३ पछि संसदवादी दलहरूको शरण परेर चारतारे र सूर्यछापको टाँग मुनी छिरेर लोकतन्त्रसँग पोइल गएको गोलघेरे दल भन्छ- 'घरघरमा सिंहदरबार ल्याउने गोलघेरे, सङ्घीयता ल्याउने गोलघेरे, गोलघेरामा भोट हाल्नुस् सिङ्गापुर बनाउँछ गोलघेरे ।' अब सिँहदरबार खोज्न खाडी मुलुक, मलेसिया कोरिया, जापान जानु नपर्ने भएको छ । सबै रैती मनुवाहरूको घरघरमा सिँहदरबार आएपछि त केको दुःख भयो र ? सिँहदरबार खाने, सिँहदरबार लाउने, सिँहदरबार ओड्ने, सुत्ने, बिच्छ्याउने, ओक्तोमुलो गर्ने, लालाबाला पढाउने सबै सिँहदरबारमा हुन्छ । क्या गजबको विकास । यस्तो भएपछि नेपाल मण्डल त सिङ्गापुर, स्वीट्जरल्याण्ड, नर्वे, बेलायत, अमेरिका, अस्ट्रेलिया केके हो केके ? सबै भन्दा राम्रो हुन्छ । यस्तो क्लीयर भिजन भएको यतिराम्रो योजना बनाउने दललाई छोडेर टुक्राटुक्रा हुँदै फुटाउने कस्ता नेता होलान् ? घरघरमा आएको सिँहदरबारले सबैका दुःख हरण हुनेछ । क्या बात गोलघेरे दल ।

सरकारवादी लाउके दलहरूका यस्ता काइदा काइदाका विकासे योजना देखेर यो कैलुब्राह पो अप्ठेरोमा परेर ट्वाँआँ...परेको छ । कस्लाई भोट दिने होला ?!....।

*१० असार २०७४*

kailubraha73@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका उम्मेदवारहरू भन्छन् :-

## 'एक रूपैयाँको नोट, कलम मसीमा एक भोट'

**● सन्तोष सरकार**

**विरानगर महानगरपालिकाका मेयरका उम्मेदवार**



उनी भन्छन्, 'प्लेनमा उड्ने र कारमा गुड्नेहरूले विराटनगरपालिकामा बसोबास गर्ने वास्तविक जनसमुदायको नेतृत्व र प्रतिनिधित्व गर्न सक्दैनन्, त्यसका लागि उपयुक्त पात्र म हुँ ।' उनको दावी छ- 'म यही जन्मेर हुर्केको गरिब परिवारको मान्छे हुँ, मलाई विराटनगरमा बस्ने, खेती किसानी गर्ने, खुद्रा व्यापार व्यवसाय गर्ने, सानोतिनो जागिर खाएर जीविकोपार्जन गर्नेहरूको पीडाको गहिरो अनुभूति छ । ठूला भनिएका पार्टी र ठालुहरूले पटक पटक जितेर गए, तर विराटनगरलाई बर्बाद पारेर छाडे । अब जनता उनीहरूको रोजाइमा पर्दैनन्, जनताले आमूल परिवर्तन चाहेका छन् । त्यसको लागि म नै निर्विकल्प उम्मेदवार हुँ ।'

सन्तोष सरकार । कमल मसी उनको चुनाव चिन्ह । नेकपा (क्रान्तिकारी माओवादी)को देशभक्त जनगणतान्त्रिक मोर्चाको तर्फबाट विराटनगर महानगरपालिकाको मेयर पदका स्वतन्त्र उम्मेदवार । ०४९ सालदेखि वामपन्थी राजनीतिमा लागेका उनी एमाले, माले हुँदै माओवादी आन्दोलनमा सक्रिय छन् । उनले सँधै वामपन्थी राजनीतिभित्र क्रान्तिकारी धारमा आफूलाई उभ्याउँदै आएका छन् । उनले अन्य संसदवादीहरूले जस्तो महत्वकांक्षी र असम्भव एजेण्डाहरू अगाडि सारेका छैनन् । उनले गरिखाने श्रमजीवि जनताको लागि आवश्यक पर्ने बिराटनगर महानगरपालिकाको फोहर, ढल, खानेपानी, सडकको व्यवस्थापनका कुरा अगाडि सारेका छन् । उनले भनेका छन्- 'मैले देखे भोगेका समस्याहरूलाई उजागर गरेको छु, स्मार्ट सिटी र ग्रिन सिटीको प्रचार गरेको छैन ।'

उनले आफ्नो प्रतिस्पर्धी कांग्रेस एमाले भएपनि आफ्नै जित हुने दावी गरेका छन् । सँगै उनले भनेका छन्, 'मैले जसरी पनि चुनाव जित्नुपर्छ भनेर संसदवादीहरूले जस्तो साम, दाम, दण्ड, भेद गरेको छैन, मुख्यतः संसदवादीहरूको भण्डाफोर गर्नु र संगठनको आधार बनाउनु मेरो उम्मेदवारीको प्रमुख उद्देश्य हो । जिते जनताको काम, हारे क्रान्तिको अभियान ।'

सन्तोष सरकार राजनीतिज्ञ मात्र होइनन्, एउटा कुशल कलाकार तथा फिल्मका डाइरेक्टर पनि हुन् । होस्टेल टेलिसिरिएलमा मुख्य भूमिकामा देखिएका उनी मैथली चलचित्रका चर्चित निर्देशक पनि हुन् ।

## जित्ने भन्दा पनि हामीले मत संरक्षण गर्ने हो

**● रामप्रसाद पोखरेल**

**मेयरका उम्मेदवार, बुटवल उपहानगरपालिका, रुपन्देही**



नेकपा (क्रान्तिकारी माओवादी)को वैधानिक मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले निर्वाचनको क्रान्तिकारी उपयोगको नीति अन्तर्गत मत जित्नेभन्दा पनि मत संरक्षण गर्ने नीति लिएको हो । संसदवादीवाहरूको भण्डाफोर गर्ने हो ।

टाउकाको मूल्य तोकेको कांग्रेससँग घाँटी जोड्ने मोक, खोक्रो राष्ट्रवादको प्रलाप गर्ने एमालेलगायतका संसदवादी पार्टीहरूको भ्रमबाट जनता मुक्त हुँदै गएका छन् ।

अहिले उनीहरूले चुनाव जित्नलाई एउटा वडामा २२ देखि २५ लाखसम्म खर्च गरेका छन् । पैसा खर्च गर्नमा उनीहरूको प्रतिस्पर्धा छ । यति ठूलो धनराशी खर्च गरेर जितेमा उनीहरूले त्यसको कैयौं गुणा बढी स्थानीय तहमा विनियोजित बजेटबाट नै असुल्ने हुन् । उनीहरूले जितेर गएपछि तिनै जनतालाई चुस्ने र लुट्ने मात्र हुन् । जसले चुनावमा जति तडकभडक गरेको छ, त्यो जनताको हितमा छैन भन्ने कुरा जनताले बुझेका छन्, बुझ्नु पर्दछ ।

## संसदीय पितृसत्ताविरुद्ध मेरो उम्मेदवारी

**● शुशिला आचार्य**

**मेयरकी उम्मेदवार, घोराही उपमहानगरपालिका, दाङ**

म एउटा महिला पनि भएका कारण मेरो उम्मेदवारी समग्र अहिलेको प्रतिक्रियावादी व्यवस्थाका विरुद्ध हो, त्यसमा मुख्यतः संसदीय पितृसत्ताविरुद्ध हो । एकाथरी मान्छेहरूले अब मुलुकमा सबै चिज प्राप्त भइसक्यो, अब अधिकारका लागि कुनै आन्दोलन गर्न आवश्यक छैन भन्दै हिडेका छन्, तिनीहरूका विरुद्ध पनि हो मेरो उम्मेदवारी ।

घोराही उपमहानगरपालिका पछिल्लो पटक घोषणा गरिएको हो । यसको आवश्यक भौतिक पूर्वाधार केही पनि छैन । यहाँका धेरै जनता विपन्न छन् । मजदुरहरूको समस्या समाधान हुन सकेको छैन । भूखण्डीकरण गरेर रातारात किसानका बस्तीहरू उठाइएका छन् । त्यस्ता भूमाफिया, विचौलियाहरूका विरुद्ध पनि हो मेरो उम्मेदवारी ।

दाङ दक्षिण एशियाकै ठूलो उपत्यका हो । त्यसैले पाँच नं. प्रदेशको राजधानी(सदरमुकाम) दाङमा नै हुनु पर्दछ भन्ने आवाज उठाउँदै आएको छु । लुम्बीनीलगायतका धार्मिक मठमन्दीरका कारण यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा पनि विकास गर्न सकिन्छ । यस्तै मुद्दाहरूलाई लिएर जनताको बीचमा गएका छौं हामी । जनताको साथ सहयोग राम्रै पाएका छौं । कांग्रेस, एमाले र माकेजनहरू हाम्रो उम्मेदवारीबाट अत्तालिएका छन् । खासगरी माके बढी आत्तिएको छ । हाम्रा उम्मेदवारहरूलाई धम्क्याउने, उम्मेदवारी फिर्ता लिन सबै किसिमले दबाब दिने गर्दै आएको छ ।


हामीले संसदीय व्यवस्थाको भण्डाफोर गर्नमा राम्रै समय खर्चेका छौं । तर चुनाव चिन्ह ढिलो पाउँदा मतदातासम्म चुनाव चिन्हको प्रचार राम्रोसँग गर्न सकेनौं । तथापि गणतन्त्रको नाममा लुटतन्त्र चलिरहेको बुझेका जनताले वैकल्पिक राज्यव्यवस्थाका निम्ति पनि मेरो चुनाव चिन्ह 'क्यामेरा'मा खोजी खोजी मतदान गर्ने छन् ।



## चुनाव चिन्हको प्रचार गर्ने समय नै भएन

**● शान्तिराम गिरी**

**मेयरका उम्मेदवार, बेलवारी नगरपालिका, मोरङ**



मुलुकमा सुशासन भएन । संसदवादीहरूका कारण भ्रष्टाचार, व्यथिति, कमिसन र अनियमितताले देश अहिले आक्रान्त छ । कांग्रेस, एमाले र माकेप्रति जनतामा तीव्र घृणा र आक्रोश छ तर पनि जनताले विकल्प पाएका छैनन् । विकल्पको रूपमा अगाडि आएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई दलीय चुनाव चिन्ह नदिंदा जनताले चाहेर पनि मत दिन सक्ने स्थिति बनेन । देजमोका उम्मेदवार चिने पनि चुनाव चिन्ह थाहा नपाउँदा मत अन्तै दिनुपर्ने वाध्यतामा छन् जनता । मलाई के विश्वास छ भने मेरो 'इस्टकोट' चुनाव चिन्ह हो भन्ने मतदाताले हामीलाई नै मतदान गर्नेछन् ।

संसदीय व्यवस्था, संविधान र सत्ताको भण्डाफोर गर्दै संगठन विस्तारको मुख्य आधार निर्माण गर्ने उद्देश्य राखेर मोर्चाले निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको हो । हामी यो उद्दश्यमा जनताबीचमा खरो उत्रेका छौं । साथै, यस नगरपालिकाभित्रका मजदुर, किसान, सुकुम्बासी, साना लगानीका व्यवसायीहरूले भोग्नु परेका समस्या र त्यसको समाधानका विषयहरूलाई प्रमुखताका साथ उठाएका छौं । यसका अतिरिक्त २५ सय सुत्केरी भत्ता दिने, बृद्धबृद्धालाई सुरक्षा भत्ता घरमै गएर दिन, बेलबारीभित्र सुविधासम्पन्न अस्पताल निर्माण गर्ने, दुई खाले शिक्षा नीतिको अन्त्य गर्ने, आकाशे पुलको व्यवस्था गर्ने, बेरोजगार युवाहरूलाई विना धितो ३ देखि ५ लाखसम्म ऋण दिने, प्राविधिक विद्यालयहरूको स्थापना गर्ने, धनपालगढी र बेतना सिसारलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने, चिल्डेनपार्कको व्यवस्था गर्ने, साँस्कृतिक संग्रालयको स्थापना गर्ने लगायतका विषयहरू अगाडि सारेका छौं । हामी जनतासँगै चिउरा भुजा खाएर यस्तो प्रचार गरिरहेका छौं, संसदवादीहरू ह्वस्की, वियर, मासुको भोजभत्तेरमा मग्न छन् ।

## हामीले जनताको भरपुर सहयोग पाइरहेका छौं

**● पेमडोमा शेर्पा**

**मेयरकी उम्मेदवार, खिजिदेम्बा गाउँपालिका, ओखलढुंगा**



कांग्रेस-माके र एमाले जस्ता संसदवादीहरूले लादेको तीन दलीय अधिनायकत्वका कारण हामीले दलीय चुनाव चिन्हमा चुनाव लड्न पाएनौं । स्वतन्त्रको रूपमा पाएको चुनाव चिन्ह पनि विकट जिल्लामा हिडेरै धेरै ठाउँ पुग्नुपर्ने हुँदा मतदातासम्म निर्वाचन चिन्हको प्रचार गर्न सकिएन । तर जनताको हामीले भरपपुर सहयोग पाइरहेका छौं । उनीहरूले व्यक्ति पनि चिनेका छन्, पार्टी पनि चिन्दछन् तर चुनाव चिन्ह नै चिन्ने र चिनाउने समय प्राप्त भएन ।

जनतामा संसदवादीहरूको छवि राम्रो छैन । गाउँको विकास हुन नसक्नुमा उनीहरूलाई नै जनताले मुख्य दोषी ठान्ने गरेका छन् ।

गाउँपालिकालाई सडक सञ्जाल, भएकाको स्तरोन्नती, खानेपानीको व्यवस्था, पर्यटन, आर्थिक रूपमा आत्मनिर्भर बनाउन पहल गर्ने, स्रोत साधनको समानरूपले बाँडफाँड गर्ने, सूचना तथा सञ्चारको पहुचभन्दा टाढा रहेकोले विद्युत, सिचाइ, टेलिफोनको व्यवस्था गर्नेलगायत लैङ्गिग विभेदको अन्त्य गर्नुपर्ने जस्ता आवाजहरू हामीले उठाउँदै आएका छौं । जनताले बुझेका छन्- संसदवादीहरूजस्तो हामी बेइमान छैनौं । उनीहरूको पहिलो रोजाई देजमोका उम्मेदवारहरू नै पर्छन् । त्यसैले मलाई पूर्ण विश्वास छ- खिजिदेम्बाका जनताले यसपटक पानी फिल्टर चुनाव चिन्ह खोजी खोजी मतदान गर्नेछन् ।

## हामी जे बोल्छौं, त्यो गर्छौं भन्ने जनतामा प्रभाव छ

**● विष्णुराम दमाई,**

**मेयरका उम्मेदवार, बेदकोट नगरपालिका, कञ्चनपुर**



ठोकेरै भन्न सक्छौं तीन दलीय शासकहरूले दलीय चुनाव चिन्हमा हामीलाई प्रतिबन्ध नलगाएको भए, हामीले उम्मेदवारी दिएका अधिकांश ठाउँमा जनताको प्रमुख रोजाइमा हामी पर्ने थियौं । स्वतन्त्रको रूपमा उम्मेदवारी दिनु, चुनाव चिन्ह ढिलो पाउँदा मतदातासम्म चुनाव चिन्हकै प्रचार गर्न नपाउनुले हामीलाई धेरै अप्ठ्यारो परेको छ । तथापी हामीले हाम्रा मुद्दाहरूलाई स्थापित गराउन सफल भएका छौं । यो प्रतिक्रियावादी व्यवस्थाबाट अहिलेको मुलुक र मुलुकबासीले भोगिरहेको समस्याको समाधान हुन सक्दैन । त्यसका लागि जनताको संघीय जनगणतन्त्रको स्थापना अनिवार्य छ । यो कुरा हामीले कम्तिमा जनतालाई धेरै हदसम्म बुझाउन सफल भएका छौं । जनताले भनेका छन्- जनताको पार्टी भनेको नेकपा (क्रान्तिकारी माओवादी) नै हो । यो पार्टीका नेताहरू निजी स्वार्थमा गएनन् । संसदीय सत्तामा गएर ऐस आरामको राजनीति गर्न चाहेनन् भन्ने छाप जनतामा छ । उनीहरूलाई विश्वास छ- हामी जे बोल्छौं, त्यही गर्छौं । उनीहरूले भनेका छन् हामी तपाईंको चुनाव चिन्हमा नै भोट हाल्छौं ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# पुष्पलाल र नयाँ जनवाद



● कृष्णदास श्रेष्ठ

नेपाली कम्युनिष्ट आन्दोलनभित्र लामो समयदेखि रहिआएका प्रमुख मतभेदहरूमा एउटाको विषय नयाँ जनवादी बाटो अपनाउने कि पुँजीवादी-संसदीय बाटो अपनाउने भन्ने सवाल रहेको छ । अर्थात् उक्त आन्दोलनभित्र मार्क्सवाद र दक्षिणपन्थी संशोधनवादको बीचमा चल्दैआएको संघर्षको एउटा महत्वपूर्ण मुद्दा नौलो जनवाद, अर्थात् जनताको जनवाद बनाम पुँजीवाद जनवाद रहेको छ । मुलुक र जनताको भाग्यसित सम्बन्धित बाटोको चयनसम्बन्धी यो सवाल सिद्धान्त र व्यावहारिक राजनीतिको आधारभूत सवाल हो । वास्तवमा यो राजनीतिक कार्यदिशाको सवाल हो र त्यसैले क्रान्तिको लागि आधारभूत र निर्णायक महत्व राख्ने सवाल हो ।

हाम्रो कम्युनिष्ट आन्दोलन विभाजित छ र सांगठनिक दृष्टिबाट यो दर्जनौं समूहहरूमा विभाजित रहेको छ । तर राजनीतिक कार्यदिशाको दृष्टिबाट हेर्ने हो भने तिनलाई दुई ठूला शिविरमा विभाजित गर्न सकिन्छ- पुँजीवादी-संसदीय बाटोको अनुशरण गर्ने शिविर नौलो जनवादी बाटोका अनुशरण गर्ने शिविर । तथाकथित 'जनताको बहुदलीय जनवाद' र त्यस्तै 'राष्ट्रिय जनवाद' जुन हाम्रो सन्दर्भमा पुँजीवादी-संशोधनवादी धाराको ठोस अभिव्यक्ति रहेका छन्, तिनलाई मान्ने समूहहरू पहिलो शिविरमा पर्छन् भने अन्य धेरैजसो समूहहरू पछिल्लो शिविरमा रहेका छन् ।

नयाँ जनवादी बाटो र पुँजीवादी-संसदीय बटोमाझको संघर्षमा कमरेड पुष्पलाल आफ्नो जीवनकालमा कुन पक्षमा रहनुभएको थियो र यस सम्बन्धमा उहाँको दृष्टिकोण, धारणा र अडान कस्तो रहेको थियो भन्ने बारेमा संक्षिप्त रूपमा चर्चा गर्ने यस छोटो निबन्धको उद्देश्य रहेको छ । लेखको शीर्षकबाट पनि यो कुरा स्पष्ट छ ।

कमरेड पुष्पलाल नेपाली कम्युनिष्ट आन्दोलन र साथै नेपाली जनवादी आन्दोलनको इतिहासमा एकजना प्रमुख व्यक्तित्वको रूपमा सुपरिचित नाउँ हो । नेपाली कम्युनिष्ट आन्दोलनलाई सर्वप्रथम सांगठनिक रूप दिने नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरूमा उहाँ सबभन्दा प्रमुख तथा शीर्षस्थ स्थानमा रहनुभएको तथ्य सुविदित रहेको छ ।

जुन नेपाल कम्युनिष्ट पार्टीका पंक्तिहरू यति विशाल र व्यापक रूपमा आज फैलिएका छन्, त्यसको जग बसाल्ने शुभकार्यमा उहाँको प्रमुख तथा महत्वपूर्ण भूमिका रहेको थियो, र उहाँ त्यसको अभियन्ता हुनुहुन्थ्यो । त्यस दृष्टिबाट उहाँको महत्व र महानता त रहेकै छ । तर, उहाँको महानता त्यतिमा मात्र सीमित रहेको छैन । उहाँको महानता र योगदान अर्को कुन तथ्यमा पनि रहेको छ भने नेपालको जनवादी आन्दोलनलाई नौलो आयाम, नौलो दिशा र नौलो मोड प्रदान गर्ने प्रयासमा पनि उहाँ सबभन्दा प्रमुख संस्कर्ता ९क्ष्लष्तष्बतयच० हुनुहुन्थ्यो । उक्त पार्टीको संस्थापनको घोषणासँगै प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र (पहिलो घोषणापत्र)मा व्यक्तितएको उक्त प्रयास उहाँको तत्परतामा भएको थियो ।

उहाँको नेतृत्व र तत्परतामा १९४८ सेप्टेम्बर १५ तारिखमा प्रकाशित उपरोक्त नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र नेपाली सर्वहारावर्गको पहिलो कार्यक्रमगत घोषणा थियो, जसले नेपाली कम्युनिष्ट आन्दोलनलाई संगठित पार्न कार्यक्रमगत आधार प्रदान गर्‍यो । उक्त घोषणापत्रको प्रकाशन मुलुकको राजनीतिक जीवनमा र जनवादी आन्दोलनको इतिहासमा एक अति महत्वपूर्ण घटना थियो । हाम्रो सम्पूर्ण जनवादी आन्दोलनलाई नयाँ दिशाबोध प्रदान गर्ने पहिलो प्रयासको रूपमा त्यसको ठूलो ऐतिहासिक महत्व रहेको छ ।

उपरोक्त घोषणापत्रमा जनवादी चरणमा रहेको नेपाली जनक्रान्तिले लिनुपर्ने बाटोलाई स्पष्टसित दर्शायो । तत्कालीन उदार-पुँजीवादी पार्टीहरूद्वारा अनुसरित साम्राज्यवादपरस्त तथा सम्झौतावादी नीतिको पर्दाफास गरेर त्यसमा क्रान्तिकारी उपायले लड्नुपर्ने आवश्यकतामा जोड दिइयो र साथै कुन तथ्यलाई स्पष्टसित देखाइयो भने पुरानो खालको पुँजीवादी-जनवादी क्रान्तिको बाटोबाट वास्तविक मुक्ति हासिल हुन सक्दैन र सच्चा मुक्ति र प्रगतिको बाटो नयाँ खालको पुँजीवादी-जनवादी क्रान्तिको बाटोबाट वास्तविक मुक्ति हासिल हुन सक्दैन र सच्चा मुक्ति र प्रगतिको बाटो नयाँ खालको पुँजीवादी-जनवादी क्रान्ति हो, जसको वास्तविक नेतृत्व मजदुरवर्गले मात्र प्रदान गर्न सक्दछ । त्यसमा नेपाली सर्वहारावर्गको पार्टीले अनुशरण गर्नुपर्ने राजनीतिक कार्यदिशाको आधारभूत रूपबाट निर्धारित गरियो, जसको मूल तत्व निम्न प्रकारको रहेको छ : 'त्यसैले नेपाली जनताले एउटा भिन्नै बाटो लिनुपर्छ । त्यसो बाटो हो- विश्व जनवादी शिविरसित सक्रिय मेल गरी विद्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी-पुँजीवादी आधिपत्यलाई पूरैसित खत्तम पार्नु, मजदुरवर्गको नेतृत्वमा मेहनतकश जनताको जनवादी व्यवस्था स्थापना गर्नु, अर्थात् यस्तो राज्य व्यवस्था स्थापना गर्नु जसमा जनता राष्ट्रको सम्पत्तिका मालिक हुनेछन् र त्यसलाई आफ्नै फाइदाका लागि विकसित गर्नेछन् ।'

माथि-उद्धृत भनाइमा रहेको 'भिन्नै बाटो'को वास्तविक तात्पर्य नयाँ जनवादी (अर्थात् जनताको जनवादी) क्रान्तिको बाटो थियो । उक्त दस्तावेजमा जुन राजनीतिक कार्यदिशाको प्रतिपादन गरियो, त्यसमा आधारभूत र सारगत रूपमा नौलो जनवादी धारणाका प्रमुख चारित्रिक विशेषताहरू रहेका थिए, अर्थात् क्रान्तिमा मजदुर वर्गको नेतृत्वको आवश्यकता, मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने पार्टी, जनक्रान्तिमा विजयको लागि एक बलियो, जनआधारित कम्युनिष्ट पार्टीको खाँचो, मेहनतकश जनताको जनवादी राज्य, 'लोक जनवाद'को स्थापना आदि ।

महान् अक्टोबर समाजवादी क्रान्तिपछिको बदलिंदो अन्तर्राष्ट्रिय परिस्थिति र मुलुकको अर्धसामन्ती तथा अर्धऔपनिवेशिक स्थितिको सन्दर्भमा उपरोक्त प्रस्थापनाहरू बिल्कूल सही र उपयुक्त रहेका थिए । त्यसो भए पनि, पार्टी जीवनमा पछि घटेका घटनाहरूबाट के देखियो भने पार्टीभित्र उक्त स्थितिहरू प्रभुत्वशाली रूपमा रहेनन् । तथापि उपरोक्त महत्वपूर्ण प्रस्थापनाहरूसहितको घोषणपत्रको प्रकाशन नेपाली कम्युनिष्ट तथा जनवादी आन्दोलनहरूको लागि एउटा ठूलो उपलब्धि थियो । पार्टीको तत्कालीन महामन्त्रीको हैसियतबाट उक्त कार्यमा पुष्पलालको ठूलो योगदान र तत्परता रहेको थियो, र यसलाई उहाँको एउटा ठूलो ऐतिहासिक योगदान मान्नुपर्छ ।

पुष्पलाललाई पार्टीको महासचिवबाट पदच्युत गरेर पार्टी नेतृत्व हत्याएका मनमोहन माझी डफ्फाहरूको कार्यकालमा उपरोक्त राजनीतिक कार्यदिशालाई विस्तार-विस्तार पन्छाइयो र त्यसको ठाउँमा अवसरवादी-सुधारवादी कार्यदिशालाई स्थापित गरियो । उक्त नेतृ डफ्फाहरूले पार्टीलाई योजनाबद्ध ढंगबाट उदारवादी-सुधारवादी दिशातर्फ लैजान प्रयास गरे । २०१९ सालमा माझी डफ्फाबाट छुट्टै रूपमा, अन्तरजोनल सामञ्जस्य समितिको आयोजकत्वमा भएको तेस्रो पार्टी महाधिवेशनमा पनि नौलो जनवादी कार्यदिशा स्थापित भएन, त्यसले राष्ट्रिय प्रजातन्त्रको कार्यदिशालाई अपनायो ।

यसैबीचमा नौलो जनवाद र पुँजीवादी प्रजातन्त्रको बीचमा कुनै न कुनै रूपबाट संघर्ष चलिरह्यो तर अवसरवादी डफ्फाको हातमा पार्टी नेतृत्व परेको कारणले गर्दा अवसरवादी कार्यदिशा र प्रवृत्तिहरूको बोलवाला रह्यो । उक्त डफ्फाको गलत क्रियाकलापको फलस्वरूप पार्टी विभाजित तथा छिन्नभिन्न भयो र पार्टीपंक्तिहरूमा भ्रम र अन्योल व्यापक रूपमा फैलियो । त्यसरी विश्रृंखलित तथा बिथोलिएको नेपाली कम्युनिष्ट आन्दोलनलाई नौलो जनवादी दिशामा निर्देशित गर्न ठोस तथा संगठित प्रयत्न क.पुष्पलालको नेतृत्व र तत्परतामा फेरि २०२५ सालमा (तदानुसार इस्ववी सम्बत १९६८मा) भयो । २०२५ जेठ महिनामा (१९६८ मई १५ तारिखमा) सुरु भएको पार्टीको तेस्रो सम्मेलनले पुष्पलालको तत्पतामा तयार पारिएको नयाँ जनवादी कार्यक्रम (नेपाली क्रान्तिको एक मात्र मूल बाटो) पारित गर्‍यो । नेपाली कम्युनिष्ट आन्दोलनको लागि ठूलो ऐतिहासिक महत्वको ठानिएको उक्त सम्मेलनमा पुष्पलालद्वारा राजनीतिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । सम्मेलनको उद्देश्यबारे सो प्रतिवेदनमा भनिएको थियो : 'यस सम्मेलनको मुख्य काम नै माओ विधारधाराको आधारमा सैद्धान्तिक, राजनीतिक तथा संगठनात्मक एकताले युक्त भएको पार्टीको जग हाल्नु हो ।' सम्मेलनद्वारा पारित नयाँ जनवादी कार्यक्रममा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिको अलि विस्तृत रूपमा विश्लेषण गरियो, नयाँ जनवादी कार्यक्रमका प्रमुख बुँदाहरूबारे चर्चा गरियो, क्रान्तिका मित्र र विरोधी शक्तिहरूको पहिचान गरियो, क्रान्तिको लागि अपनाउनुपर्ने उपायहरूबारे स्पष्ट पारियो । यसरी क्रान्तिका विभिन्न प्रमुख समस्याहरू र तिनको समाधानको सम्बन्धमा आधारभूत रूपले ठीक किसिमबाट विश्लेषण प्रस्तुत गर्ने प्रयत्न गरियो ।

कार्यक्रममा नेपाली कांग्रेसको साम्राज्यपरस्त तथा सम्झौतावादी नीतिको उल्लेख गरी एउटा महत्वपूर्ण प्रस्थापनालाई निम्न रूपमा प्रस्तुत गरियो : 'यी पार्टीहरूको उपरोक्त नीतिले गर्दा आजको संघर्षको मुख्य भूमिका कम्युनिष्ट पार्टीको काँधमा परेको छ । यो जिम्मेदारी नेपाल कम्युनिष्ट पार्टीले मजदुर- किसान एकताको आधारमा सामन्त-विरोधी संघर्षमा पार्टीको झण्डामुनि समस्त क्रान्तिकारी वर्गहरू र जनसमुदायहरूलाई एकत्रित गरेर मात्र गर्न सक्छ । यो आजको ऐतिहासिक अवस्थाको माग हो । जबसम्म कम्युनिष्ट पार्टी यस्तो क्रान्तिकारी संघर्षमा आम किसान समुदायलाई सशस्त्र गरी अघि बढ्ने छैन, तबसम्म देशको मूल अन्तर्द्वन्द्वले बाटो पाउने छैन र संघर्ष सामन्त र पुँजीवादी पार्टीको बीचमा नै रही सम्झौतामा सीति रहन जानेछ ।' अनि लक्ष्य प्राप्तिको उपाय जस्तो आधारभूत महत्वको सवालबारे चर्चा गर्दै त्यसमा स्पष्टसित भनिएको छ : '... हामीले नेपालबाट सामन्तवाद र साम्राज्यवादलाई खत्तम गरी नयाँ जानवादी व्यवस्थाको स्थापना गर्ने कुरा उल्लेख गरेका छौं । यो हाम्रो लक्ष्य हो । दीर्घकालीन सशस्त्र किसान क्रान्तिको सञ्चालनबिना यस्तो व्यवस्थको स्थापना हुन सक्दैन ।' उपरोक्त व्यवस्थाको स्थापनाको लागि राज्यको रूपको सम्बन्धमा भनिएको छ : 'तसर्थ नेपाल कम्युनिष्ट पार्टी यस सामन्ती वर्गीय सत्तालाई खत्तम गरी देशमा सर्वहारावर्गको नेतृत्वमा सम्पूर्ण क्रान्तिकारी वर्ग तथा जनसमुदायको संयुक्त अधिनायकत्वमा एउटा जनवादी गणतन्त्रीय राज्यसत्ता कायम गर्नेछ, जसले देशमा सामन्ती व्यवस्थालाई समूल नष्ट गर्ने, साम्राज्यवादलाई राष्ट्रिय जीवनबाट लखेटी विदेशी पुँजीलाई राष्ट्रियकरण गर्नेछ र पुँजीलाई नियोजित किसिमको विकास गर्न दिई समाजवादी संक्रमणको निम्ति बाटो खन्नेछ ।'

तेस्रो पार्टी सम्मेलनको लगत्तैपनि प्रकाशित नेपाल कम्युनिष्ट पार्टीको अठाइस वर्षको क्रान्तिकारी संघर्षको सिंहवलोकन शिक्षा नामक कृतिमा पुष्पलालले नयाँ जनवादी दृष्टिकोणबाट अवसरवादी तथा संशोधनवादीहरूको पर्दाफास गर्नुभयो र उक्त गलत विचारधाराहरूको विरुद्ध संघर्षलाई अघि बढाउनुपर्ने खाँचोमा जोड दिनुभयो । त्यस चर्चाको सिलसिलामा उहाँले कुन कुरालाई जोडका साथ प्रस्तुत गर्नुभयो भने पार्टीले 'अन्तर्राष्ट्रिय सैद्धान्तिक विवादमा माओको विचारलाई मान्ने, राष्ट्रिय क्षेत्रमा नयाँ जनवादी कार्यक्रम र कार्यनीति मान्ने र जनवादी केन्द्रीयताका अनुसार पार्टीको नयिम र अनुशासनमा बसी काम गर्ने' व्यक्तिहरूलाई मात्र सदस्यता प्रदान गर्नुपर्छ । त्यसका अतिरिक्त उहाँले पँजीवादी प्रजातन्त्रको विरुद्ध नयाँ जनवादको वकालत गर्दै अनेकौं लेखहरू लेख्नुभयो ।

यसरी नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी मार्क्सवादलाई स्थापित गर्न र त्यसलाई सही आधारमा बढाउन र साथै नेपाली जनवादी आन्दोलनलाई नौलो जनवादी दिशामा लैजान पुष्पलालले निकै प्रयत्न गर्नुभयो । पुँजीवादी प्रजातन्त्रको विरुद्ध नौलो जनवादको पक्षमा र अवसरवाद तथा संशोधनवादको विरुद्ध मार्क्सवाद-लेनिनवाद र माओत्सेतुङ विचारधाराको पक्षमा उहाँले चलाउनुभएको संघर्ष कम्युनिष्ट तथा जनवादी आन्दोलनहरूको इतिहासमा एउटा गौरवशाली पाना रहेको छ । यस क्षेत्रमा उहाँले गर्नुभएका योगदानहरू ठूलो ऐतिहासिक महत्वका छन् ।

यसै सन्दर्भमा यहाँ एउटा कुन कुराको उल्लेख गर्नु प्रासंगिक हुनेछ भने नयाँ जानवादी क्रान्ति र नयाँ जनवादी व्यवस्थाको समर्थन, विश्लेषण तथा विवेचना गर्नमा अग्रणी रहेका पुष्पलाललाई पुँजीवादी प्रजातन्त्र (बहुदलीय जनवाद) र पुँजीवादी-संसदीय व्यवस्थाका पक्षपातीको रूपमा प्रस्तुत गर्ने प्रयास केही क्षेत्रहरूबाट निरन्तर रूपले चलिआएको छ । खास रूपले नेपाली कम्युनिष्ट आन्दोलनभित्र पुँजीवादी-संशोधनवादी धाराको प्रतिनिधित्व गर्ने तथाकथित 'जनताको बहुदलीय जनवाद'का समर्थकहरू उक्त प्रयासमा जोडले लागिरहेका छन् । त्यस प्रयासमा त्यसको औचित्य साबित गर्नका लागि संशोधनवादी धाराका समर्थहरूले नौलो जनवादी अडानबाट यदाकदा भएको पुष्पलालको सामयिक विचलनलाई अगाडि सार्ने गरेका छन् । खास रूपले हाम्रो 'मूलबाटो' नामक उहाँको कृतिमा उहाँबाट नौलो जनवादबाट पुँजीवादी संसदवादमा हुन गएको सैद्धान्तिक-राजनीतिक विचलनलाई जोडका साथ प्रस्तुत गर्ने गरिन्छ ।

उपरोक्त विषयबारे संक्षिप्तमा विचार गरौं । २०१९ सालमा अन्तर्जोलन सामञ्जस्य समितिको आयोजकत्वमा सम्पन्न भएको तेस्रो पार्टी महाधिवेशनबाट राष्ट्रिय प्रजातन्त्रको कार्यक्रम पारित भयो । उक्त महाधिवेशनपछि त्यसका आयोजकहरूका बीच उठेका मतभेद र वादविवादको सिलसिलामा स्व.तुलसी अमात्यबाट कुन बाटो ? भन्ने पुस्तिका लेखेर प्रकाशित गरियो भने पुष्पलालद्वारा लिखित हाम्रो मूल बाटो शीर्षकको पुस्तिका प्रकाशनमा आयो । उक्त पुस्तिकामा पुष्पलालले संसदीय व्यवस्थाको पुनःस्थापना गर्ने भन्ने दरभंगा प्लेनमद्वारा पारित भनिएको राजनीतिक प्रस्तावप्रति (जुन प्रस्ताव वास्तवमा तत्कालीन पार्टी केन्द्रीय समितिमा बहुमत रहेको माझी डफ्फाले प्लेनममाथि लादेको थियो) समर्थन गरी संसदीय- प्रजातान्त्रिक व्यवस्थाको समर्थन गर्नुभएको थियो । सो पुस्तिकामा उहाँले तत्कालीन अन्तर्जोनल सामञ्जस्य समितिको अपिलबाट (जसमा उहाँको पूर्ण समर्थन रहेको थियो) निम्न भनाइ उद्धृ गर्नुभयो :

'संसदीय प्रजातान्त्रिक व्यवस्था भन्ने बित्तिकै पुँजीवादी प्रजातन्त्र भन्नु एक गलत समझदारी हो । संसदीय प्रजातन्त्र पुँजीवादी प्रजातन्त्र अथवा राष्ट्रिय प्रजातन्त्र तथा जनवादी प्रजातन्त्र दुवै हुन सक्छ । निश्चय पनि ठाउँ-ठाउँमा आफ्नो आर्थिक स्थितिले गर्दा देशको पुँजीपति वर्गले संसदमाथि कब्जा गरी यसलाई आफ्नो स्वार्थ साधन गर्ने यन्त्र बनाउन समर्थ भएको छ । यस्तो प्रजातन्त्रको चरित्र पुँजीवादी जनतन्त्र नै हुन्छ, तर यदि कम्युनिष्ट पार्टीको नेतृत्वमा जनतालाई व्यापक रूपमा संगठित गरी संसदम तमाम क्रान्तिकारी वर्गहरूको बहुमत हुन्छ भने, जनताको क्रान्तिकारी ताकतलाई आधार बनाएर यसै संसदलाई पुँजीपतिवर्गको स्वार्थ साधन गर्ने यन्त्र बन्न दिनुको सट्टा तमाम जनताको स्वार्थ साधन गर्ने यन्त्रमा परिणत गर्न सकिन्छ र त्यसबेला संसदको वर्गस्वरूप पुँजीवादी वर्ग स्वरूप नभई जनताको स्वार्थको प्रतिनिधित्व गर्ने जनवाद वर्गस्वरूप हुनेछ ।'

पुँजीवादी संसदमा बहुमत ल्याएर त्यसको वर्गस्वरूपमा आमूल फेबदल गर्ने जुन धारणा उपरोक्त उद्धृत भनाइमा व्यक्तिएको छ, त्यो बिल्कुल मार्क्सवाद-विरोधी, संशोधनवादी- सुधारवादी धारणा हो भन्ने कुरा बिल्कुल स्पष्ट छ । अहिले कथित 'जनताको बहदुलीय जनवाद' र 'राष्ट्रियजनवाद'को राजनीतिक कार्यदिशामा मूल धारणास्वरूप रहेको उक्त धारणा नै हो । त्यसैले, त्यस्तो कार्यदिशा मान्ने समूहहरूले आफ्नो पुँजीवादी-संशोधनवादी लाइनको पक्षमा पुष्पलाल-समर्थित उपरोक्त विचारमा जोड दिनु अस्वाभाविक कुरा होइन ।

जनवादसम्बन्धी मार्क्सवादी-लेनिनवादी धारणाको विपरीत रहेको उक्त धारणाप्रति पुष्पलालबाट समर्थन गरिनु अवश्य पनि एउटा गम्भीर विचलन ९म्भखष्बतष्यल० हो । तर पुष्पलालमा त्यस प्रकारको विचलन अस्थायी मात्र रह्यो । पछि चाँडै नै (२०२५ जेठ) उहाँले उक्त संशोधनवादी-सुधारवादी अडानलाई परित्याग गरेर नौलो जनवादी अडानलाई ग्रहण गर्नुभयो । यस कुरालाई तेस्रो पार्टी सम्मेलनद्वारा पारित नयाँ जनवादी कार्यक्रमले स्पष्ट गरेको छ । यस सम्बन्धमा एउटा ध्यानयोग्य तथ्य के छ भने पुष्पलालमा यदाकदा देखिएका यस्ता विचलनहरू र सैद्धान्तिक-राजनीतिक गल्तीहरू कहिले पनि दक्षिणपन्थी-क्षणिक ९त्झउयचबचथ० मात्र रहे । त्यस्ता विचलनहरू हुँदाहुँदै, उहाँ आधारभूत र प्रमुख रूपले क्रान्तिकारी मार्क्सवाद र नौलो जनवादी क्रान्तिका पक्षधर हुनुहुन्थ्यो ।

उक्त तथ्यको सन्दर्भमा कुन कुरा स्पष्ट छ भने पुष्पलाललाई पुँजीवादी प्रजातन्त्र र पुँजीवादी- संसदीय प्रणालीका दृढ समर्थकको रूपमा प्रस्तुत गर्ने अहिलेका दक्षिणपन्थी संशोधनवादीहरूको प्रयास बिल्कुल गलत र निन्दनीय छ । त्यस्तो प्रयास गर्नुको अर्थ उहाँको राजनीतिक अवमूल्यन गर्न र उहाँको क्रान्तिकारी छविलाई धमिल्याउन खोज्नु हो, जुन कुरा एकदमै निन्दनीय छ ।

यस सानो लेखलाई म पुष्पलालको मूल्यांकनसम्बन्धी केही कुराहरू शीर्षकको पहिले प्रकाशित आफ्नो लेखको तल उद्धृत भनाइबाट टुंग्याउन चाहन्छु : 'पुष्पलाल हाम्रा त्यस्ता पूर्वज हुनुहुन्छ, जसले मुलुकले कम्युनिष्ट तथा जनवादी आन्दोलनहरूमा केही महत्वपूर्ण योगदानहरू गर्नुभएको छ भने कतिपय भुलहरू पनि गर्नुभएको छ । मुलुकमा मार्क्सवादी विचारहरूको प्रचारप्रसारमा र कम्युनिष्ट आन्दोलनलाई संगठित पार्नमा उहाँको भूमिका, नेपाली जनआन्दोलनलाई नौलो जनवादी दिशातर्फ निर्देशित गर्नका लागि उहाँको कष्टसाध्य प्रयत्न, दक्षिणपन्थी तथा 'वामपन्थी' अवसरवादको विरुद्ध उहाँद्वारा चलाइएको संघर्ष, सोभियत नेतृ-डफ्फाद्वारा प्रतिनिधित्व गरिएको आधुनिक संशोधनवादको विरोधमा र माओत्सेतुङ विचारधाराको समर्थनमा उहाँको दृढ अडान, कठिनतम तथा संकटपूर्ण स्थितिमा पनि शत्रु वर्गसामु नलत्रने उहाँको भावना- यी सारा चहकिला योगदानहरू हुन् उज्ज्वल ध्वजाहरू हुन् । यी हाम्रो आन्दोलनका स्वस्थ, गौरवशाली परम्परा हुन्, जसलाई वर्तमान अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थिति अनुरूप अघि बढाउनु हाम्रो एक गम्भीर कार्यभार रहेको छ ।... अर्कोतिर हामीले उहाँका गम्भीर गल्तीहरू तथा असफलताहरूलाई पनि बेवास्ता गर्नु हुन्न, बरु तिनको ठीकसँग विश्लेषण गरी उचित शिक्षाहरू ग्रहण गर्नुपर्छ ।'

***सन्दर्भ सामग्री***


१. पुष्पलाल छानिएका रचनाहरू भाग १, पृष्ठ ६९
२. पूर्ववत् पृष्ठ २६०
३. पूर्ववत् पृष्ठ २९७
४. पूर्ववत् पुष्प २९६
५. हेर्नुहोस्, पुष्पलाल, छानिएका रचनाहरू भाग ३, पृष्ठ ८४
६. पुष्पलाल, छानिएका रचनाहरू भाग २ पृष्ठ ५५


| | | | |
|---|---|---|---|
| विराटनगर महानगरपालिका, मोरङ | मेयर | सन्तोष सरकार | |
| दशरथचन्द नगरपालिका, बैतडी | मेयर | दिनेश ओड | |
| म्याङ्लुङ नगरपालिका, तेह्रथुम | मेयर | तारक तुम्बाहाम्फे | |
| छथर गाउँपालिका, तेह्रथुम | उपाध्यक्ष | अनिल पाक्साँवा लिम्बू, | |
| आठराई गाउँपालिका, तेह्रथुम | अध्यक्ष | सुबास फोम्बो | |
| रूपाकोट मम्फुवागढी नगरपालिका, खोटाङ | मेयर | झम प्रसाद आचार्य | |
| चिसंखुगढी गाउँपालिका, ओखलढुंगा | अध्यक्ष | तेन्जिङ शेर्पा | |
| मोलुङ गाउँपालिका, ओखलढुंगा | अध्यक्ष | रुद्रकुमार फुँयाल | |
| लिखु गाउँपालिका, ओखलढुंगा | अध्यक्ष | रामचन्द्र पौड्याल | |
| चम्पादेवी गाउँपालिका, ओखलढुंगा | अध्यक्ष | निर्माणकुमार कार्की | |
| त्रियुगा नगरपालिका, उदयपुर | मेयर | मदन खड्का | |
| | उपमेयर | शान्ता कुमारी गोतामे | |
| धरान उपमहानगरपालिका, सुनसरी | मेयर | पेमा लामा, | |
| | उपमेयर | ममता राई, | |
| इटहरी उपमहानगरपालिका, सुनसरी | मेयर | पदम तामाङ | |
| | उपमेयर | कमला खतिवडा | |
| बराह नगरपालिका, सुनसरी | मेयर | अनिल राई, | |
| गढी गाउँपालिका, सुनसरी | अध्यक्ष | सुमित्रा चौधरी | |
| | उपाध्यक्ष | मिघियादेवी ऋषिदेव | |
| हलेसी तुवाचुङ नगरपालिका, खोटाङ | मेयर | भोजराज बस्नेत | |
| बुटवल उपमहानगरपालिका, रूपन्देही | मेयर | रामप्रसाद पोखरेल | |
| | उपमेयर | शान्ता खनाल (मरासिनी) | |

| | | | |
|---|---|---|---|
| सैनामैना नगरपालिका, रूपन्देही | मेयर | दल बहादुर छन्त्याल | |
| | उपमेयर | एकदेव पौडेल | |
| कञ्चन गाउँपालिका, रूपन्देही | अध्यक्ष | लक्ष्मीकान्त पौडेल | |
| बर्दघाट नगरपालिका, नवलपरासी | मेयर | छवि खरेल | |
| | उपमेयर | मंगले सार्की | |
| सुनवल नगरपालिका, नवलपरासी | मेयर | गणेश भट्ट | |
| | उपमेयर | परशुराम पाण्डे | |
| रामग्राम नगरपालिका, नवलपरासी | मेयर | रामचन्द्र गौतम | |
| घोराही उपमहानगरपालिका, दाङ | मेयर | शुशिला आचार्य (वैद्य) | |
| | उपमेयर | तिलक बि.क. | |
| तुलसीपुर उपमहानगरपालिका, दाङ | मेयर | इश्वरी प्रसाद गैरे | |
| लमही नगरपालिका, दाङ | मेयर | हिमन्ता घिमिरे | |
| राप्ती गाउँपालिका, दाङ | अध्यक्ष | नीम बहादुर जी.एम. | |
| विर्तामोड नगरपालिका, झापा | मेयर | बालकृष्ण बुढाथोकी | |
| दमक नगरपालिका, झापा | मेयर | गोविन्द भट्टराई | |
| | उपमेयर | भवानी मिश्र | |
| कन्काई नगरपालिका, झापा | उपमेयर | हरिभक्त संग्रौला | |
| अर्जुनधारा नगरपालिका, झापा | मेयर | नरेन्द्र नेम्वाङ | |
| झापा गाउँपालिका, झापा | अध्यक्ष | मनोज राजवंशी | |
| | उपाध्यक्ष | पाउलु सोरेन | |
| सुन्दरहरैचा नगरपालिका, मोरङ | मेयर | डिल्लीराम बाँस्कोटा | |
| | उपमेयर | आशाकुमारी राई | |

| | | | |
|---|---|---|---|
| पथरी शनिश्चरे नगरपालिका, मोरङ | मेयर | सन्तोष गुरुङ 'इतिहास' | |
| | उपमेयर | शर्मिला बस्नेत | |
| रतुवामाई नगरपालिका, मोरङ | मेयर | कृष्ण ढकाल | |
| | उपमेयर | जमरलाल गन्गाई | |
| सुनबर्सी नगरपालिका, मोरङ | मेयर | योगेन्द्र राजवंशी | |
| बबई गाउँपालिका, दाङ | अध्यक्ष | धनबहादुर वि.क. | |
| बेलबारी नगरपालिका, मोरङ | मेयर | शान्तिराम गिरी | |
| रामधुनिभासी नगरपालिका, सुनसरी | मेयर | डिल्ली खनाल | |
| राजापुर नगरपालिका, बर्दिया | मेयर | खड्गबहादुर मल्ल | |
| | उपमेयर | सोनिका मल्ल | |
| ठाकुरबाबा नगरपालिका, बर्दिया | मेयर | रामबहादुर शाही | |
| | उपमेयर | गंगा न्यौपाने | |
| षडानन्द नगरपालिका, भोजपुर | मेयर | राजकुमार राई | |
| | उपमेयर | देवी श्रेष्ठ | |
| चुलाचुली गाउँपालिका, इलाम | अध्यक्ष | टंकमणि राई | |
| फालेलुङ गाउँपालिका, पाँचथर | अध्यक्ष | विजय लिम्बू फाम्सुहाङ | |
| सिद्धार्थनगर नगरपालिका, रूपन्देही | मेयर | सुमन न्यौपाने | |
| | उपमेयर | भवानी रिजाल | |
| थलारा गाउँपालिका, बझाङ | अध्यक्ष | गौतम विष्ट | |
| केदारसिंउँ गाउँपालिका, बझाङ | अध्यक्ष | रविन्द्र मल्ल | |
| अजयमेरु गाउँपालिका, डडेल्धुरा | अध्यक्ष | चक्रबहादुर पार्की | |
| महाकाली नगरपालिका, दार्चुला | मेयर | प्रेम निरौला | |


# माओवादीहरू नै सच्चा कम्युनिस्ट हुन्

● **जेइसन सि. कुपर**

पचास बर्ष भयो र उत्साह अझै जारी छ । यो एउटा आन्दोलन हो, जसलाई धेरैले मन पराएका छन् र कतिले घृणा पनि गरेका छन् । यो कसैले वेवास्ता गर्न नसक्ने आन्दोलन हो । तर के यसलाई मान्छेले राम्रोसँग बुझेका छन् त ? रगत, हिंसा, बलिदान, खिन्नता, रमाइलो, दुस्साहस लगायत थुप्रै विषयहरू यो आन्दोलनसँग जोडिएका छन् । भारतमा नक्सल आन्दोलनलाई गलत तरिकाले बुझ्ने कुरामा पनि कुनै कमी छैन । राज्य, त्यसले गर्ने प्रचार र राज्यलाई समर्थन गर्ने संचार माध्यमहरूले यसलाई गलत ढङ्गले चित्रित गर्न सफल भएका छन् । यसलाई चिर्न नक्सलहरूको असक्षमताले पनि यस बारेको गलत बुझाईलाई मलजल गरेको छ ।

प्रथमतः नक्सलबादी आन्दोलन अक्सर चित्रण गरिने जस्तो कुनै रिसाहा युवाहरूको काम होइन । यो विगत साठी र सत्तरीको दशकको सामाजिक परिस्थितीका कारण पैदा भएको आन्दोलन हो । भारतको कुनै ठाउँबाट यो आन्दोलन सुरु हुनु पर्ने थियो, एउटा बंगाली गाउँ नक्सलबारीबाट सुरु भयो । भारत बेलायतको उपनिवेशबाट मुक्त भएपछि मानिसका थुप्रै आशा अपेक्षाहरू थिए । तर चाँडै नै ती निराशामा परिणत भए । भारतीय कम्युनिष्ट पार्टीमा विश्वास गरेका मानिसहरू पनि निराश भए । क्रान्तिको अगुवाई गर्न सक्ने क्षमताको भनेर धेरैले अड्कल गरेको महान तेलंगना सशस्त्र संघर्षलाई पनि धोकापूर्ण तरिकाले फिर्ता लिइयो । त्यसपछि असन्तुष्ट कार्यकर्ताहरूले भाकपा मार्क्सवादीको स्थापना गरे । तर त्यो परीक्षण पनि खेर गएको पुष्टि भयो । अन्तर्राष्ट्रिय स्तरमा पनि असन्तुष्टि उम्लिरहेको थियो । सोभियत अनुभव पनि असफल भएको पुष्टि हुदै गएको थियो । त्यति नै बेला माओ आशाको किरण बनेर उदाए । पार्टीको बुर्जुवा हेडक्वार्टरमा बम बर्षाउ भन्ने चीनको आह्वान थियो । महान सर्वहारा साँस्कृतिक क्रान्तिले बाटो देखायो । तरिक अलिले भने झैं, ती सडक संघर्षका बर्षहरू थिए ।

ल्याटीन अमेरिकामा भएका मुक्ति आन्दोलनहरू, पेरिसको विद्यार्थी विद्रोह र अमेरिकाको



**नक्सलवारी विद्रोहको ५०औं बर्षगाँठका सन्दर्भमा**

ब्ल्याक प्यान्थर्सको आन्दोलन जस्तै नक्सलबारी अपरिहार्य भैसकेको थियो । नक्सलबारी आन्दोलन र त्यसले पैदागरेको तरङ्ग भारतीय क्रान्ति सम्पन्न गर्नुपर्छ भन्ने उद्देश्यको परिणाम थियो । यो आन्दोलनले सिपिआई र सिपिआइएमलाई जगडेको सुधारवादी प्रवृत्तिका विरुद्ध सम्बन्ध विच्छेद गर्‍यो । र यसले भारतीय क्रान्तिको बाटो स्पष्ट गर्‍यो ।

यो कृषि क्रान्तिको सार बोकेको एउटा सशस्त्र संघर्ष थियो । यसले भारतीय समाजको वर्ग चरित्रको र शोषणका विद्यमान रूपहरूको विश्लेषण तुलनात्मक रूपले राम्रो गर्‍यो । पचास बर्ष पछि यो आन्दोलनलाई वर्तमान राजनीतिक प्रणालीमाथिको सबैभन्दा ठूलो आन्तरिक चुनौती बनेको छ भन्ने विश्लेषण गरिएको छ । स्वभावतः यो विश्लेषणमा नक्सलीहरूले गर्व गर्ने गर्छन् । अघि भनिए झैं, नक्सलवादीहरूका बारे आम मानिसहरूमा कैयौं गलत बुझाईहरू पनि रहेका छन् । धेरैले नक्सलवादीहरूलाई कम्युनिष्ट भन्दा फरक हुन भन्ने गर्दछन् । वास्तवमा अहिले नक्सलवादी अथवा माओवादी भनेर चिनिनेहरू आफैमा कम्युनिष्टहरू हुन् ।

वास्तवमा, पेरु कम्युनिष्ट पार्टी सहित मार्क्सवाद-लेनिनवाद र माओ विचारधारालाई मार्क्सवाद-लेनीनवाद-माओवाद, छोकटरीमा माओवादको स्तरमा विकास गर्ने नक्सलवादीको योगदानलाई विश्वका धेरै कम्युनिष्ट पार्टीहरूले स्वीकार गरेका छन् । सोभियत युनियन र चीनमा पूजीवादको पुनर्स्थापनाका कारण समाजवादले धक्का खाएको स्थिति र अग्रदस्ता पार्टीको भूमिकालाई अस्वीकार गर्ने उत्तराधुनिक आक्रमणको पृष्ठभूमीमा नक्सलीहरू अगाडि आए र तिनीहरूले वैचारिक चुनौतिको डटेर सम्बोधन गरे ।

नक्सलीहरूको कार्यक्षेत्र आदिवाशीहरूको बाहुल्य रहेको ईलाकामा पर्ने हुनाले उनीहरूको पार्टीको उद्देश्य आदिवासीहरूको जीवनस्तरलाई माथि उठाउनु हो भन्ने गलत धारणा पनि रहने गरेको पाईन्छ । माओवादी पार्टी वास्तवमा आदिवासी पार्टी होइन, यो भारतमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने उद्देश्यमा आधारित एउटा कम्युनिष्ट पार्टी हो । अन्य मूलधारका कम्युनिष्ट पार्टीहरूको जस्तो नभई, नक्सलीहरूले जात लगायतका विषयमा केही गम्भीर प्रश्नहरूको इमान्दारीपूर्वक सम्बोधन गर्ने प्रयास गरेका छन् र त्यो क्षेत्रमा केही विकास पनि भएको छ । अचम्म मान्नुपर्ने कुरा होइन कि यो आन्दोलनलाई एकजना आदिवासी मिसिर बेस्रा र अर्का दलित मिलिन्द तेलतुम्बदेले पनि अगुवाई गरेका छन् ।

नक्सलीहरू क्रान्ति सम्पन्न गर्न सफल नभएका हुन सक्छन् । तर यसले भारतमा पारेको प्रभावलाई ईन्कारगर्न सकिदैन । सँस्कृतिक क्षेत्र होस, साहित्यिक क्षेत्र होस या अन्य कुनै, यो आन्दोलनले खेलेको भूमिकालाई कसैले अवमूल्यन गर्न सक्दैन । पूर्व नक्सलीहरूले भारत भरी मार्क्सवाद सम्मत नदेखिने नयाँ सामाजिक आन्दोलन पनि सुरु गरेका थिए । अझ पिछडिएका क्षेत्रमा नक्सलीलाई काउण्टर गर्नका लागि केही कथित विकासका कामहरू पनि गरिए । नक्सलीहरूको बढ्दो प्रभाव र केही हिंसात्मक क्रियाकलापका कारण केरला जस्तो राज्यमा नाममात्रको भूमि सुधार पनि गरियो । देशमा पार्टी प्रतिवन्धित भएको हुनाले माओवादीको तागत सजिलैसँग आँकलन गर्न सकिदैन । तर, गम्भीर दमनका बाबजूद पनि तिनीहरूको तागत बलियो छ भन्ने कुरा स्पष्ट छ ।

देशको राजनीतिक प्रणाली जुन भित्रैदेखि हिंसात्मक छ त्यसले नक्सली हिंसालाई काउण्टर गर्न सक्दैन । सशस्त्र बलको प्रयोगबाट हुने प्रत्यक्ष हिंसादेखि गरिबी र असमानता लगायत संरचनागत हिंसासम्मले राज्य भित्रैदेखि हिंसात्मक छ भन्ने स्पष्ट छ । समस्याको मूल समाधान भनेको राज्यले यस्तो खाले हिंसा त्याग्नु हो । जबसम्म यस्तो हुँदैन, नक्सलीहरूले अझ विकास गरिरहने छन् । यो अभियान अगाडि बढ्ने छ ।

*(लेखक एक मानवअधिकारवादी कार्यकर्ता हुन् । )*

*अनुवाद : प्रतीक सिग्देल*

| | | | |
|---|---|---|---|
| | उपमेयर | धर्मसिंह दयाली | |
| गौरीगंगा नगरपालिका, कैलाली | मेयर | टंक कोइराला | |
| | उपमेयर | भगवती सिंह | |
| जोशिपुर गाउँपालिका, कैलाली | अध्यक्ष | अमर बोहरा | |
| | उपाध्यक्ष | विमला परियार | |
| टिकापुर नगरपालिका, कैलाली | मेयर | दयाराम चौधरी | |
| | उपमेयर | जमुना बोहरा | |
| ऊर्लाबारी नगरपालिका, मोरङ | मेयर | नरसिंह धिमाल | |
| दुहबी नगरपालिका, सुनसरी | मेयर | पारस उराऊ | |
| | उपमेयर | उपेन्द्र उराऊ | |
| रौतामाई गाउँपालिका, उदयपुर | अध्यक्ष | बलबहादुर लामोमगर | |
| देवदह नगरपालिका, रूपन्देही | उपमेयर | भीमबहादुर भुजेल 'राजु' | |
| बाणगंगा नगरपालिका, कपिलवस्तु | मेयर | तेजबहादुर थारु | |
| | उपमेयर | पार्वता थापा | |
| बुद्धभूमि नगरपालिका, कपिलवस्तु | मेयर | गुप्त प्रकाश आचार्य | |
| | उपमेयर | परशुराम कुर्मी | |
| स्वर्गद्वारी नगरपालिका, प्यूठान | मेयर | भीमबहादुर बुढा 'झिल्को' | |
| लामिडाँडा गाउँपालिका, खोटाङ | उपाध्यक्ष | रमेश अधिकारी | |
| शिवराज नगरपालिका, कपिलवस्तु | मेयर | इन्द्रवाती पासी | |
| | उपमेयर | ज्ञानीराम पुरी | |
| मायादेवी गाउँपालिका, कपिलवस्तु | अध्यक्ष | मंगललाल यादव | |
| दिपरुङ गाउँपालिका, खोटाङ | अध्यक्ष | तिर्थ राई | |
| खप्तड छान्ना गाउँपालिका, बझाङ | अध्यक्ष | शेरबहादुर सिंह | |
| मेल्लेख गाउँपालिका, अछाम | अध्यक्ष | कृष्णप्रसाद जैसी 'सुवास' | |
| तुर्माखाँद गाउँपालिका, अछाम | अध्यक्ष | टेकबहादुर शाही 'विराट' | |
| सिगास गाउँपालिका, बैतडी | उपाध्यक्ष | भुवन धामी | |
| रोङ गाउँपालिका, इलाम | अध्यक्ष | वीरबहादुर राई | |
| कटारी नगरापालिका, उदयपुर | मेयर | बुद्धिमान तामाङ | |
| | उपमेयर | काजीबहादुर राउत | |

| | | | |
|---|---|---|---|
| चौदण्डीगढी नगरपालिका, उदयपुर | मेयर | हिरामाया मगर | |
| जहदा गाउँपालिका, मोरङ | अध्यक्ष | शिवशरण मण्डल | |
| धनकुटा नगरपालिका, धनकुटा | उपमेयर | सावित्रा थापा वि.क. | |
| मल्लरानी गाउँपालिका, प्यूठान | अध्यक्ष | पूर्णविक्रम नेपाली | |
| बेदकोट नगरपालिका, कञ्चनपुर | मेयर | विष्णुराम दमाई | |
| शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर | मेयर | चन्द्रलाल चौधरी | |
| प्यूठान नगरपालिका, प्यूठान | मेयर | टिकाराम पौडेल | |
| | उपमेयर | मीरा विष्ट | |
| माण्डवी गाउँपालिका, प्यूठान | अध्यक्ष | भरत खड्का | |
| ऐरावती गाउँपालिका, प्यूठान | अध्यक्ष | गोपाल नेपाली | |
| | उपाध्यक्ष | विर्मा पाण्डे | |
| नौबहिनी गाउँपालिका, प्यूठान | अध्यक्ष | पवित्रा घर्ती | |
| | उपाध्यक्ष | बलबहादुर के.सी. | |
| रोल्पा नगरपालिका, रोल्पा | मेयर | खड्क बहादुर सिंह | |
| त्रिवेणी गाउँपालिका, रोल्पा | अध्यक्ष | माधव पुन | |
| शर्मरानी गाउँपालिका, प्यूठान | अध्यक्ष | कृष्ण राना | |
| | उपाध्यक्ष | यमा गुरुङ | |
| रुरु गाउँपालिका, गुल्मी | अध्यक्ष | केशव अधिकारी | |
| रेसुङ्गा नगरपालिका, गुल्मी | मेयर | नन्दराम राना | |
| रम्भा गाउँपालिका, पाल्पा | अध्यक्ष | पदम लामिछाने | |
| | उपाध्यक्ष | गंगा मश्राङ्गी | |
| बगनासकाली गाउँपालिका, पाल्पा | अध्यक्ष | टेकबहादुर वि.क. | |
| नेपालगञ्ज उपमहानगरपालिका, बाँके | मेयर | रामबहादुर बुढा | |
| राप्ती सोनारी गाउँपालिका, बाँके | अध्यक्ष | ऋषिराम थारु | |
| नरैनापुर गाउँपालिका, बाँके | अध्यक्ष | नन्कु गोडिया | |
| | उपाध्यक्ष | प्यारी चौधरी | |
| कोहलपुर नगरपालिका, बाँके | मेयर | मुक्तबहादुर थापा | |
| खजुरा गाउँपालिका, बाँके | अध्यक्ष | पुन्न सिंह | |
| | उपाध्यक्ष | हनिथा बेगम | |

## सामाजिक सञ्जाल




*तिमी भन्थ्यौ बादल आएसी मुसलधारे पानि पर्नेछ र एक नम्मरको समुन्द्र बनाईन्छ ! तर हामी भन्थ्यौ 'डेट स्पायर' भएको बादल : बादल होइन बादलको भ्रम मात्र हो, धेरै नहौसीदा हुन्छ ! हामी चाहन्थ्यौ हाम्रो भनाई असत्य सावितहोस् तर घटनाक्रमले निर्मम समिक्षा गर्‍यो हाम्रै भनाइ नै सत्य साबित गरिदियो ! खैर आत्तिनु पर्दैन ,तिमीले तिम्रो शरीरको फोहोर फ्याक्न तयार हुनुपर्छ हामीले हाम्रो ! अनि फेरि तुरुन्तै एउटै मझेरीमा बसेर तिमी र हामी संगसंगै क्रान्तिका गित गाउनेछौ, नाच्नेछौ !- **खगेन्द्र छन्त्याल***



*कुनै पनि महानगरमा मेयरको योग्य उमेदवार नभेटिनु या आफ्नो उमेदवारलाई निवाचित गर्न आवश्यक निर्णायक मत नहुनु ग्रामीण वर्ग संघर्षबाट आएको र पछिल्लो १० वर्षमा सबै भन्दा धेरै नेतालाई मन्त्री बनाउने अवसर र सफलता प्राप्त गरेको माओवादीको लागि बिडम्बना नै मान्नु पर्छ । - **सुरेश गौतम***



*कुनै पनि कुरा जबर्जस्ती थोपर्न खोज्दा उक्त कुरा र थोपर्ने प्रति घृणा उत्पन्न हुन्छाजुन कि अहिले दार्जि्लिङमा बंगाली भाषा थोपर्न खोज्दा देखिएकोछा ठिक यसरी नै नेपालमा एउटै भाषा एउटै भेष थोपरे पछि त्यसबाट उत्पीडित भएका मधेसी र जनजातिमा थोपर्ने र थोपरेको कुरा प्रति हो । ।- **यादव शिवराम***



*उग्र क्रान्तिकारी उग्र दक्षिणपन्थी दिशामा गएर पतन हुन्छ भन्ने भनाईको विप्लव नेतृत्वको नेकपाले माओवादीको उद्गम थलो रोल्पामा पुगेर शानदार रूपमा पुष्टि गरेको छ । थवाङ्वासी जनताले अब आफ्नो क्रान्तिकारी चरित्रलाई पुनर्पुष्टि गर्नुपर्ने अवस्था आएको छ । क्रान्तिकारी माओवादीले विप्लव समूह वाम खोल ओडेको दक्षिणपन्थी समूह हो भनेर गरेको विश्लेषण पनि सही सावित भएको छ । एक झुटलाई पुष्टि गर्न हजारौं झुटको सहारा लिएको अब प्रष्ट भयो ।- **केशरमणि कटुवाल***



*कम्युनिस्ट आन्दोलनमा लागेका अधिकांश मान्छेहरूको अन्तिम लक्ष्य कसरी र कताबाट हुन्छ जुगाड लगाएर चीन घुम्ने हुन थाल्यो ।*

*- **गणेश चितौरे***



*विद्वानहरूले चित्त बुझाउने तरिका स - जनताले यसपल्ट कांग्रेसलाई दण्डित मात्र गरेका हुन्, सम्बन्ध विच्छेद गरि हालेका होइनन् । कांग्रेसलाई दण्डित गरेका फल एमालेलाई प्राप्त भएको मात्र हो ।*

*- **काफ्ले ईश्वरी***



*हामी ओखलढुंगाको चम्पादेविलाई सुन्दर, समृद्ध र गतिशील गाउँपालिकाको रूपमा माथी उठाउने जागर, साहस र उत्साहमा प्रतिबद्ध छौ । हामी ज्ञान, चेतना र असल संस्कार सहित आजको युवालाई आधुनिक सभ्यता निर्माणको ऐतिहासिक प्रक्रियामा जोड्न चाहन्छौ । रक्सी, मासु र पैसाको खेती मा आफ्नो भविष्य देख्नेहरूलाई धुलो चटाउदै जनताको न्यायलय बाट निज अपराधीहरूलाई दण्डित गर्ने हाम्रो जिम्मेवारी बाट हानी डगमाउने छैनौ । यो विशेष प्रक्रियामा तपाईंको सहभागिताको अपेक्षा गर्दै यसपटक गाउँ पालिका अध्यक्ष(क्यामेरा) चिन्ह र वडा अध्यक्ष(मुठ्ठी) चिन्हमा मतदान गरि जनताका असल र वास्तविक उम्मेदवार हरूलाई विजयी गराउनु हुन हार्दिक अपिल गर्दछौं ।- **बसन्त बोगटी***




*जनता कसैको पेवा हुदैन, जनता जनता हुन्छ र उसलाई जो मनपर्छ उसैलाई राम्रो भन्ने उसको अधिकार र कर्तब्य दुवै हो र उसले यसलाई राम्रोसग पालना गरेको हुन्छ । राम्रोलाई राम्रो भन्न अब सबै नेतारकार्यकर्ता जसले भन्न हिच्किचाइराख्नुभएको छ वहाहरूले जनताबाट केही सिकेर आफ्नो ब्यबहार परिबर्तन गर्दिए देश आफै परिबर्तन हुने थियो कि ?- **काफलबोटे कान्छा***



*नेपालको कम्युनिष्ट आन्दोलन वामपन्थ अवसर वादबाट र दक्षिणपन्थी सम्बोधनबाट संक्रमित छ । यसको विकल्पमा एउटा सच्चा क्रान्तिको मोर्चा होस भन्ने जनता र सचेत क्रान्तिहरूको पनि चाहना छ । क्रान्तिहरूले वैचारिक सैद्धान्तिक विषयलाइ कार्यनीति कार्यदिशा रणनीतिमा छलफल गरेर कार्यगत एकता क्रान्तिकारी मोर्चा कार्यगत एकता पार्टी एकतासम्म हुन क-कोस् भन्ने जनचाहाना छ। - **हर्क शाही***



*राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) लाई फकाउन सरकारले तेस्रोपटक निर्वाचन सारेको छ । राजपाको माग पूरा गर्न सरकार लचिलो देखिए पनि राजपा भने किस्ताकिस्तामा माग पूरा गर्ने रणनीतिमा लागेको छ । - **टेनिस रोका***

# साहित्यमा अवसरवादी घुम्टोको सामाजिक–आर्थिक कारण

*(प्रस्तुत रचना हाल प्रकाशन स्थगित गरिएको हिन्दी प्रकाशन 'दायित्वबोध'सित सम्बद्ध बौद्धिक-सांस्कृतिक कर्मीहरूको नयाँ प्रकाशन 'नान्दीपाठ' बाट लिइएको हो । यसमा उठाइएको सन्दर्भ भारतीय मार्क्सवादी सांस्कृतिक आन्दोलनसित सम्बद्ध छ र यसले भारतीय समाजमा वर्गउत्थानतर्फ प्रवृत्त भारतीय मध्यम वर्ग र साहित्यिक लेखनका बारेमा जानकारी दिन्छ । साथै कसरी प्रगतिशील लेखक र लेखनका नाममा एकथरि लेखकहरूले सत्तास्वाद पनि लिइरहेका छन् र जनताको लेखक हुनुको भ्रम पनि दिइरहेका छन् भन्ने कुरालाई पनि यसमा प्रस्ट पारिएको छ . यसमा बहसका थुप्रै ठाउँहरू पनि छन् । यसमा उठाइएका सन्दर्भहरू नेपाली समाजका सन्दर्भमा पनि सान्दर्भिक छन् भन्ने ठानेर त्यसको अनुवाद यहाँ प्रस्तुत गरिएको छ ।)*



● कविता कृष्णपल्लवी

कथित वामपन्थी धाराको साहित्यिक परि दृश्यलाई अवसरवादको लाज पचेको घुम्टोले छोपेको छ । केही दशकपहिले केही थोरै मान्छे मात्रै हुने गर्दथे, जो रातको अँध्यारोमा लुकेर सत्ताधारीहरूसित सजिन्थे र भण्डाफोर भएपछि केही दिनसम्म दिनको उज्यालोमा लाजमानीमानी हिँड्थे । अब परिस्थिति फेरिएको छ । सरकारी उस्तादहरूको जुलुसमा साहित्यिक-बौद्धिक जनहरू पहिले रातको समयमा मात्र सामिल हुन्थे । अब यस्ता जुलुस दिउँसै निस्कन्छन् । सत्ता र पुँजीवादसम्बद्ध सांस्कृतिक प्रतिष्ठानका साथ दिनको उज्यालोमै सौदाबाजी हुन्छ । चतुर्दिक पद-पीठ पुरस्कारका लागि दौडधूप मच्चिएको हुन्छ । 'वैचारिक लोकतन्त्र' लाई यति सारो लचिलो बनाइएको छ कि बच्चा र मानवताको भविष्यको पक्ष युद्धको विभीषिकाको विरुद्ध कवितामार्फत चिन्ता व्यक्त गर्ने मान्छेहरू हिन्दूवादी फासिवादी सरकारका कार्यक्रममा लाज पचाएर हाजिरी जनाउँछन्, सङ्गठित भएर आफनो बचाउ गर्छन् । नाङ्गाहरूको सङ्ख्या यति धेरै भएको छ कि लाज मान्नुको सट्टा ती एकजुट भएर लुगा लगाएका मान्छेहरूका विरुद्ध होहल्ला गर्न थाल्छन् । अहिले थोरै मात्र यस्ता मान्छेहरू छन्, जो धक खोलेर मुक्तिबोधका झैँ प्रश्न गर्छन्– पार्टनर १ तपाईंको पोलिटिक्स के हो'

अवसरवादको यस ढलानमाथिको यात्रामा रायपुरमा रमनसिंह सरकारद्वारा आयोजित साहित्यिक महोत्सवमा कयौं नाम चलेका प्रगतिशील सेक्युलर-वामपन्थी साहित्यकारहरूको सहभागिताको घटना एउटा नयाँ कोशेढुङ्गा बनेको छ । रमनसिंह त्यही राजनीतिका सरदार हुन्, जसले आडवाणीको रथ यात्रापछि निरन्तर रूपमा देशैभरि भीषण रक्तपातपूर्ण दंगाको कुचक्र चलाएका थिए । यसै राजनीतिका बाहक गुजरात २००२ का अमानुषिक रक्तपातका सूत्रधार थिए । यो त्यही सरकार हो, जो माओवादीहरूलाई समाप्त पार्ने नाममा बस्तरमा सयौँ गाउँका हजारौँ आदिवासी परिवारलाई बेघरवार पारेको छ र निरन्तर रूपमा त्यहाँ बर्बर अत्याचारका नयाँनयाँ कीर्तिमा निर्माण गरेको छ । त्यही सरकारलाई लोकतान्त्रिक र सहिँष्णु प्रमाणित गर्दै त्यसैको आयोजनामा वामपन्थीहरूलाई गाली गरेर नथाक्ने अशोक बाजपेयी र उनीजस्तैहरूसित दोसल्ला ओढेर, जगदीश्वर चतुर्वेदी, पुरुषोत्तम अग्रवाल, नरेश सक्सेना, आदिवासी दलितहरूका स्वयम्भू साहित्यिक मसिहा रमणिका गुप्ता, प्रभात रञ्जन र आजभोलि साहित्याकाशमा निकै ताउरमाउर गर्ने दर्जनौँ एकसेएक तेजस्वी 'युवा तुर्क'हरू शोभायमान भए ।

एक समय थियो जतिबेर फोर्ड फाउन्डेसनद्वारा वित्तपोषित भारत भवनमा अर्जुन सिंहको प्यारो नोकरसाह साहित्यकार अशोक वाजपेयी एक जना कुशल चटकेझैँ कतिपय वामपन्थी साहित्यकारहरूलाई थरिथरिका प्रलोभन दिएर फसाउन सफल भएका थिए । त्यति बेला 'भारत भवन' कुचक्रका आलोचकहरूको संख्या राम्रै हुनेगर्थ्यो । पछि गएर, भारत भवनबाट लाभान्वित धेरजसोले लज्जित अनुभूत गरे, कतिपयले एक्लोएक्लो बोध गरे, कतिपयले पश्चाताप गरे र कतिपयले पापमोचनका केही उपक्रम पनि गरे । अब देशमा केन्द्र र राज्य सरकारका सांस्कृतिक प्रतिष्ठान र एकेडेमीका रूपमा थुप्रै 'भारत भवनहरू' छन्, पुँजीपति घरानाद्वारा स्थापित थुप्रै पुरस्कार र सम्मान छन्, एनजिओवालाहरूले पनि साहित्यकारहरूलाई भाउ दिनथालेका छन् र विश्वविद्यालयमा उनीहरूका लागि नयाँनयाँ विशेष पद र कुर्सीहरू तयार पारिएका छन् । समाजमा जनवादी भूमिका एकदमै क्षरित र साघुँरिँदै गएको बेलामा नै सत्ताले साहित्यकारहरू-बुद्धिजीवीहरू- कलाकार हरूलाई पूर्वापेक्षा ज्यादा भाउ दिइरहेको छ, विचारहरूको धरातलमाथि 'सहमतिको निर्माण' गर्न र व्यवस्थाको चारकिल्लाभित्र 'असहमति' को लोकतान्त्रिक भ्रम सिर्जना गर्न व्यवस्थाद्वारा सहयोजित प्रगतिशील मखुन्डो लगाएका बुद्धिजीवीहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुनसक्छ भन्ने उनीहरूलाई थाहा छ ।

पुँजीवादी सत्ताको नीतिमा आएको परिवर्तनभन्दा पनि बढी यस किसिमको सामाजिक-आर्थिक कारणहरूको अध्ययन महत्वपूर्ण छ, जसको कारण बुद्धिजीवीहरूको ठूलो हिस्सा आज सजिलै व्यवस्थाद्वारा गरिने खरिदबिक्री, सौदाबाजी र सहयोजनको सिकार हुने गरेको छ । यो अनायास भएको कुरा होइन, १९९० को दशकमा नवउदारवादको चौतर्फी लहरपछि यो परिघटना निकै ठूलो मात्रामा एउटा आम प्रवृत्ति बनेर देखापरेको हो । नब्बेको दशकको आरम्भमै कवि केदारनाथ सिंहले तमाम वामपन्थी साहित्यकारहरू तथा जवाहरलाल नेहरू विश्वविद्यालयका विद्यार्थीहरूको विरोधको अतिरिक्त पनि, ती पुँजीपतिहरूको प्रतिष्ठानबाट सम्मान ग्रहण गरे, जसमाथि सहिद शङ्कर गुहा नियोगीको हत्याको षड्यन्त्र रचेको अभियोग थियो । र पनि छिटै सबै कुरालाई बिर्सियो र केदारनाथ सिंहलाई वाम क्षेत्रमा पनि आदरणीय पात्रका रूपमा लिन थालियो ।

त्यसपछि त लाजसरमका सारा पर्दाहरू हट्तैगए । फासिवादी योगी आदित्यनाथबाट सम्मान ग्रहण गर्ने उदय प्रकाश, पहिलो भाजपा मुख्यमन्त्री नित्यानन्द स्वामीलाई आफ्नो पिता बताउने र फेरि उत्तराखण्डको कांग्रेसी सरकारको हिमालयमा बाँधनिर्माणको विनाशकारी नीतिको वकालत गर्ने लीलाधर जुगडी, आर एसएसका राममाधवदेखि लिएर बिहारका बाहुबली नेता पप्पु यादवसम्मका पुस्तकको विमोचन गर्ने र छत्तिसगढका हत्यारा डिजिपी विश्वरञ्जनलाई महत्वपूर्ण कवि घोषित गर्ने, राजकमल प्रकाशनका मालिकहरूको घरका 'रामू काका' (विष्णु खरेका शब्दमा) नामवर सिंह, स्त्रीहरूप्रति आफ्नो मर्दवादी उद्धार र लम्पटवादी व्यवहारका लागि कुख्यात र मागाहिवि विमा दारोगाका झैँ कुलपतिगिरी गरिसकेका विभूतिनारायण राय, उनको लगौँटिया दोस्त पुरानो अवसरवादी रवीन्द्र कालिया, राय साहेबको जमानामा मागाहिविविमा कुनै पद अथवा शोधवृत्ति लिएर मस्ती मार्ने दर्जनौँ लेखक-कविगण, हत्यारो विश्वरञ्जनका लागि आयोजित साहित्यिक कार्यक्रममा शोभा बढाउन तथा विभूतिनारायणबाट उपकृत हुन उपस्थित भए ।

अनि पछि पटना गएर नीतीश सरकारको सरकारी सांस्कृतिक प्रतिष्ठानको अध्यक्षका नामले पुकारिने कुनै जमानाका 'महा क्रान्तिकारी' कवि आलोकधन्धा, भाजपा सांसद् विद्यानिवास मिस्रको जन्मदिनमा स्वामी करपात्रीको आस्रममा विद्याश्री न्यासको तत्वाधानमा आयोजित लेखक शिविरको आयोजनामा अग्रणी भूमिका खेल्ने जलेस (जनवादी लेखक संघ), प्रलेस (प्रगतिशील लेखक संघ) र जसम (जनवादी सांस्कृतिक मञ्च) वाराणसीका कर्ताधर्तागण, विश्वरञ्जनको कार्यक्रममा सहभागी तथा आफ्नी श्रीमतीलाई कुटपिट गर्ने कार्यमा प्रशिद्ध कृष्णमोहन, शोधछात्रामाथि यौन उत्पीडनका आरोपी अजय तिवारी, सेफई महोत्सवमा गएर मुलायम सिंहको मुरीमुरी प्रशंसा गर्ने केदारनाथ सिंह, अखिलेस सरकारबाट लखटकिया भारत-भारती पुरस्कार लिने दूधनाथ सिंह र यस्ता यावत मान्छेहरू केही दिनको आलोचना र गम्भीर आपत्तिपछि विस्तारै वामपन्थी साहित्यकारहरूको विरादरीमा फेरि स्वीकार्य हुनपुगेका छन् ।




रायपुरमा भाजपा सरकारको साहित्य महोत्सवमा भाग लिने पुरुषोत्तम अग्रवाल, नरेश सक्सेना, रमणिका गुप्ता, रणेन्द, प्रभात रञ्जन, थुप्रै कथित वाममार्गी युवा तुर्कहरू र जसम-प्रलेस-जलेससित जोडिएका छद्धहरूका सम्बन्धमा पनि यस्तै हुनेछ । सबै एउटै ड्याङ्का मुला छन् भने कसले कसको विरुद्ध औला ठड्याउने र १ कतिपय यसकारण सदाचारको बुटी बाँटिरहेका छन् कि अहिलेसम्म उनीहरूलाई कदाचारको कुनै आकर्षक र लोभलाग्दो मौका मिलेको छैन । जो असन्तुष्ट छन्, ती विद्रोही बनेका छन् । जब उनीहरू 'सन्तुष्ट' हुन्छन्, अनेक किसिमका तर्क दिएर सत्ता र पुँजी-प्रतिष्ठानहरूका कोठाका मेहफिल सजाउन जानुपर्ने पक्षमा तर्क दिन थाल्छन् ।

जिन्दगीमा 'गन्द र दन्द-फन्द' को प्रश्न यी कथित वामपन्थीहरूको साहित्य-सिर्जनामा वैचारिकता 'अण्ड-बण्ड-भरभण्ड' सित गहिरो गरी जोडिएको हुन्छ । यिनीहरूको एउटा ठूलो हिस्साले अब अज्ञेय, धर्मवीर भारती, निर्मल वर्मा, कृष्ण बलदेव वैद, अशोक वाजपेयी र विनोदकुमार शुक्लासम्ममा पनि प्रगतिशीलता देख्नथालेको छ । 'वामपन्थी' ज्ञानधुरन्धर आलोचक-शिरोमणिहरूद्वारा संकीर्ण अनुभववादी र प्रकृतवादी-दलितवादी लेखन र लम्पट देहमुक्तिवादी- कुलीनतावादी नारीवादी लेखनमाथि आलोचनाविहीन प्रशंसा-पुष्प वर्षाइरहनु अब आम रीति हुनथालेको छ ।

जादुइ यथार्थवादको भद्दा प्रहसनात्मक नक्कलबाट एकदमै कलात्मक चमत्कार उत्पन्न गर्ने प्रयास पानी जारी छ । वैचारिक स्तरमा बोली नफुटेका अपढ-कुपढ अधकल्चा 'चिन्तक' आलोचकहरूद्वारा मार्क्सवादलाई उत्तरआधुनिकतावाद, उत्तर-औपनिवेशिकता, उत्तर-मार्क्सवाद, 'सवाल्टर्न स्टडिज','आइडेन्टिटी पोलिटिक्स' आदिसित घोलघाल पारेर विचित्र किसिमको खिचडी तयार पार्ने काम पनि जारी छ । जीवन र लेखन दुवैमा नै प्रगतिशीलता र प्रतिमामिताबीचको सीमारेखा मेटाइएको छ ।

भारतीय बौद्धिक समुदायको मुख्य धाराको एउटा हिस्साको यो घृणित, निर्लज्ज अअवसरवादी विपथगमन र पतन केही व्यक्तिको व्यक्तिगत पतनको परिणाम होइन । यो एउटा समकालीन आम प्रवृत्ति हो, जसका कारणहरूलाई ऐतिहासिक परिप्रेक्ष्यमा हेरिनुपर्छ सामाजिक-आर्थिक संरचनाको गतिमा खोज्नुपर्छ । बौद्धिक समुदायको मुख्य धारा त्यो पुगीसरी आएको मध्यम वर्गकै एउटा पत्र हो, जो विद्यमान पुँजीवादी व्यवस्थाको विशेष सुविधा प्राप्त अल्पसंख्यक उपभोक्ता वर्ग हो र जुन अब जनताको पक्ष त्यागेर सत्ताधारीहरूको पक्षमा उभिएको छ तथा यसै व्यवस्थामा समाहित भइसकेको छ । एक समय यो समाजको सचेतन तप्काका रूपमा सत्ताधारीहरूको प्रभुत्व (हेगेमनी) का विरुद्ध उभिन्थ्यो, तर अब यो तिनै सत्ताधारीहरूको प्रभुत्व स्थापनाका लागि वैचारिक-सांस्कृतिक भूमिका खेलिरहेको छ । साहित्यिक-सांस्कृतिक परिदृश्यको पतनशीलता भारतको पुगीसरी आएको मध्यम वर्गको ऐतिहासिक विश्वासघात र पक्षधरता परिवर्तनको यो अभिव्यक्ति हो, यो त्यसैको परिणाम हो, यो त्यसैको एउटा रूप हो भनेर भन्न सकिन्छ ।

वास्तवमा, भारतीय बौद्धिक मानसको निर्मिति युरोपको जस्तो 'पुनर्जागरण-प्रवोधन जनवादी क्रान्ति' को प्रक्रियाको क्रममा भएको थिएन, न त रूसका झैँ विलम्बित पुँजीवादी विकासको स्वतन्त्र बाटोमा अगाडि बढेर यसले क्रान्तिकारी जनवादको वैचारिकतासम्मको (र साहित्यमा बुर्जुवा यथार्थवाद) को यात्रा तय गरेको थियो । भारतमा औपनिवेशिक सामाजिक-आर्थिक संरचनाभित्र जुन कमजोर वैचारिक आधार र खण्डित जनपक्षधरतायुक्त राष्ट्रिय जनवादी चेतना विकसित भयो, त्यसमा पनि अनैतिहासिक, अतीतोन्मुखता र धार्मिक प्रतिच्छायाँहरूको आवरण थियो र जुझारू भौतिकवादी तर्कणा धेर हदसम्म अनुपस्थित थियो । स्वतन्त्रता प्राप्तिपछि राष्ट्रिय आन्दोलनको बुर्जुवा नेतृत्वको नायक खण्डित हुन र उसको गौरवको पराभूत हुन धेरै समय लागेन । यसैको परिणमस्वरूप पचास र साठीको दशकमा भारतीय बुद्धिजीवी र साहित्यकारहरूको एउटा ठूलो हिस्साले पलायनवाद र अस्तित्ववाददेखि लिएर सर्वनिषेधवाद र अन्धविद्रोहको यात्रा गरिरह्यो, अथवा आफ्नो मध्यमवर्गीय जीवनको सुखदुख, त्रासदी, विडम्बना र एकाकीपनको पीडामा शुतुर्मुर्गी ढङ्गले टाउको घुसाइरह्यो ।

तेलंगाना संघर्षको पराजय र वाम आन्दोलन संशोधनवादी विपथगमनपछि विचार र साहित्यकलाको क्षेत्रमा वामधारा ओझेलमा पऱ्यो । त्यसो त यो वाम धाराको पनि इतिहासप्रदत्त आफ्नो कमजोरी थियो । १९६७ को नक्सलबाडी जनउभारपछि मध्यमवर्गीय बुद्धिजीवीको एउटा पुस्ता 'क्रान्तिकारीकरण' भएर वाम प्रभावमा आयो । केही दुस्साहशवादी कमजोरी सहितको नक्सलबाडी आन्दोलनले उत्पन्न गरेको क्रान्तिकारी वामधाराले विशृङ्खलताको सिकार हुनु परे पनि विचार र कलासाहित्यको संसारमा त्यसले प्रगतिशील जनवादी धारालाई नयाँ संवेग प्रदान गर्यो । सत्तरीको दशकमा यान्त्रिकता र नाराबाजी आवरण बढी भए पनि यसबीच स्तरीय लेखन पनि अत्यधिक मात्रामा भयो र वाम जनवादी धारा साहित्यको प्रभावकारी धाराका रूपमा स्थापित भयो । परन्तु १९८० को दशक साहित्यकलाको क्षेत्रमा पनि 'ग्लास्नोस्त-पेरेस्त्रोइका' को समय लिएर आयो । यो दशकको अन्त्यतिर वामपन्थी साहित्यमा नवरूपवादी प्रवृत्तिले आफ्नो प्रभाव स्थापित गर्यो । १९९० दशकमा नवउदारवादको अश्वमेघ घोडाले पूरा विश्वमा राइँदाइँ गरिरहेको बेला मार्क्सवाद र समाजवादको पराजयको हल्ला चारैतिर चलिरहेको थियो । पुनरुत्थान र विपर्ययको त्यो समयमा बहुप्रचारित उत्तरआधुनिक विचार-सारणीका साथ कथित वामपन्थी विचारकहरू र साहित्यकारहरूले पनि प्रणयलीला सुरु गरे, जुन निरन्तर उन्मत्त रूपका साथ सक्रिय भयो ।

वास्तवमा १९८० को दशकसम्म तेस्रो विश्वका तमाम 'उत्तर-औपनिवेशिक' समाजका झैँ भारतीय समाजमा पनि पुँजीवादी विकासको राजकीय पुँजीवाद र मिस्रित अर्थव्यवस्थाको नीतियुक्त समय आफ्नो सन्तृप्ति बिन्दुसम्म पुगिसकेको थियो । यसैको तार्किक परिणति १९९० को दशक नव-उदारवादी कालखण्ड अगाडि आयो । बुर्जुवा वृत्तभित्र राष्ट्रिय जनवादको कार्यभार जुन रूप र जुन हदसम्म पूरा हुन सम्भव थियो, त्यो कम हुँदै जानुका साथै मध्यम वर्गको विभेदीकरण हुँदैगयो र त्यसको माथिल्लो संस्तर बुर्जुवा ढाँचामा व्यवस्थित हुँदैगयो । पुँजीको सामाजिक आधारको विस्तारका साथै यो हिस्सा समानुपातिक रूपले ठूलो र व्यापक हुँदैगयो ।

१९८० को दशकमा प्रोफेसर, पत्रकार, डाक्टर, इन्जिनियर, सरकारी नोकरसाह र वित्तीय क्षेत्र, सेवा क्षेत्र र निजी क्षेत्रसित जोडिएका पेशेवरहरूको संख्या र पुगीसरी आउने प्रक्रियामा पनि ठूलो मात्रमा वृद्धि भयो, जब कि मजदुरको जीवनस्थिति भने जस्ताको तस्तै रह्यो । आफ्नो सामाजिक-आर्थिक स्थितिअनुरूप नै सहरी मध्यवर्गीय बुद्धिजीवी समुदायको बहुलांश आज पुँजीवादको कित्तामा उभिइसकेको छ । माथि वर्णित सामाजिक-आर्थिक परिदृश्यको आत्मगत प्रभावको अतिरिक्त वस्तुगत यथार्थको वस्तुगत प्रभावको फलस्वरूप नै आज वामपन्थी वृत्तमा साहित्यिक सिर्जनामा नवरूपवाद र जीवनको स्तरमा निम्नस्तरको अवसरवादको घुम्टोले नराम्रो गरी ढाकेको छ ।

कथित वामपन्थी बुद्धिजीवीहरू-साहित्यकारहरूको बहुलांश प्रोफेसर, नोकरसाह, मिडियाकर्मी तथा स्वतन्त्र पेशेवर आदिका रूपमा खातापिता मध्यम वर्गीय प्राणी बनिसकेको छ, जो मेहनतकश जनताको जीवन र सङ्घर्षबाट धेरै टाढा सुरक्षित, सुविधासम्पन्न जीवन बिताउने गर्छ । न त सर्वहारा क्रान्तिको भविष्यप्रति उसमा भित्रैबाट आस्था छ, न त यस्तो क्रान्ति उसका लागि हितकारी भएको प्रतीत हुन्छ । यस्तोबेला 'वामपन्थ' उसका लागि पदप्रतिष्ठा किन्ने बजारू सिक्का बनेको हुन्छ अथवा प्रमोसनको सिढी ।

क्रान्तिका 'महाख्यानहरू'मा संशय देखाउँदै र विखण्डित सामाजिक आन्दोलन तथा क्षुद्र विमर्शहरूका 'उत्सव' मनाउँदै यस्ता मान्छेहरू वास्तवमा आफ्नो वर्गीय स्थितिको र बुर्जुवा सत्ताको सामाजिक अबलम्बका रूपमा आफ्नो भूमिकालाई 'सहीसाबित' गरिरहेका हुन्छन् र आफ्नो जिन्दगीको पुग्दो पुगीसरीपनको पनि । 'वामपन्थ' को बर्को ओढेर सत्ताको कोठामा बसेर मस्ती गर्दै र साम्प्रदायिकता, विस्थापन, पुलिस दमन तथा दलित-उत्पीडन जस्ता प्रश्नलाई लिएर संस्थाहरूबाट विरोध प्रदर्शन, हस्ताक्षर अभियानहरूमा सहभागिता जनाएर यी बुद्धिजीवीहरू ठगहरूको भूमिका पूरा गर्नेगर्छन् ।

माफिया गिरोहका झैँ यी मान्छेहरू साहित्यको राजनीति गर्छन्, कहिलेकाहीँ एकआपसमा यिनीहरू कुकुरका झैँ झगडा पनि गर्छन्, तर कसैले यिनको असलियत बाहिर ल्याउने प्रयास गर्यो भने यी एकजुट भएर तपाईंहाम्रो विरुद्ध खुला युद्ध, प्रत्यक्ष युद्ध अथवा शीतयुद्ध चलाउँछन् अथवा खतरनाक षड्यन्त्रको कुचक्र रच्न थाल्छन् । धेरजसो मान्छे आफ्नो क्षुद्र यशोकामी महत्वाकांक्षाहरूका कारण अन्जानैमा यस्ता गिरोहका षड्यन्त्रकारी दुश्चक्रको हिस्सा बन्न पुग्छन् र फेरि कालान्तरमा उनीहरूजस्तै बन्छन् । मसानघाटका पण्डापुरोहितहरूजस्तै यी छद्मभेषी 'वामपन्थी' गिरोहलाई ठेगान लगाउन श्रमजीवीहरूको क्रान्तिकारी आन्दोलनलाई क्रान्तिकारी बुद्धिजीवीहरू-संस्कतिकर्मी-साहित्यकारहरूको नयाँ पंक्ति तयार गर्नुपर्छ, बढीभन्दा बढी मात्रामा सर्वहाराका 'अर्ग्यानिक इन्टेलेक्चुअल' तयार पार्नुपर्छ ।

*(प्रस्तुत लेख जनमेल डटकमका लागि डा.ऋषिराज बरालद्वारा हिन्दी पत्रिका ' नन्दीपाठ-३, अप्रिल-जून, २) ६' मा प्रकाशित, बाट नेपालीमा अनुवाद गरिएको हो,बाट लिइएको हो .)*

## कथित...

करिब ९ वर्षमा पुनः संसदीय व्यवस्था नै आइलागेको छ ।

गत २०७३ असोजमा कथित ९०% मतद्वारा पारित गरिएको भनी दावी गरिएको पश्चगामी संविधानद्वारा स्वीकार गरिएको व्यवस्थालाई परिमार्जित संसदीय व्यवस्था भनिएको छ । त्यसको कार्यान्वयनका लागि सुरुमा नेपाली कांग्रेस त्यसपछि नेकपा (एमाले) अनि माओवादी केन्द्र र पुनश्चः कांग्रेसको नेतृत्वमा सरकार परिवर्तनको नाटक चलिरहेको छ ।

उक्त पश्चगामी संविधान कार्यान्वयनका दौरानमा उनीहरूले आगामी माघ ७ गतेसम्म वा भित्र संघीय, प्रदेश र स्थानीय गरी तीनै तहका निर्वाचनहरू सम्पन्न गराउनुपर्ने बाध्यता रहेको नत्र भने स्वयं संविधान नै असफल हुने भनी चर्को स्वरमा कुर्लिरहेका छन् ।

सामान्यतः देशमा राजनीतिक परिवर्तन भएर नयाँ संविधानमार्फत् नयाँ राज्य/शासन व्यवस्था कायम भएपछि सबैभन्दा माथिल्लो विधायिकी निकायको निर्वाचन गर्नुपर्ने हुन्छ । त्यसो गर्दा केन्द्रमा सरकार र व्यवस्थापिका उपस्थित हुन्छ र उक्त व्यवस्था सापेक्षित रूपले स्थिरतातर्फ उन्मुख हुन्छ, साथै राज्यका अन्य गतिविधि र कामकारबाहीहरूलाई अगाडि बढाउन समेत सुगम र सरल हुन्छ । तर यहाँ भने पश्चगामी संविधानको पनि उटो दिशामा कार्यान्वयन गर्ने धृष्टता गरिएको छ । त्यसका लागि अलोकतान्त्रिक ढंगले स्थानीय तहको निर्वाचनको नाटक मञ्चन गरिएको छ । उक्त स्थानीय तहका निर्वाचनको उदेकलाग्दो र रमाइलो पक्ष के छ भने त्यो पहिलो तोकिएको एक चरणमा सम्पन्न हुन नसकेर चरणबद्धरूपमा अगाडि बढेको छ र करिब ६ महिनाको समयावधिसम्म तन्केर गएको छ । उक्त स्थानीय तहको निर्वाचनको मिति ३ पटक सारिसकेको छ भने प्रदेश नं. २ का लागि आगामी असोज २ मा पुर्‍याइएको छ । एक महानगरपालिका (भरतपुर)मा मतगणना नै स्थगित अवस्थामा रहेको छ । अझै अर्को रोचक पक्ष त के छ भने ने.कां. र माके गठबन्धनमा बनेको सरकारमा एउटा प्रधानमन्त्रीले ३ वटा प्रदेशका स्थानीय चुनाव गराएपश्चात् राजीनामा दिएर बाँकी चार प्रदेशका स्थानीय चुनावलगायत केन्द्रीय र प्रदेश विधायिकाहरूको निर्वाचनका लागि अर्का व्यक्ति प्रधानमन्त्रीमा चयन भएका छन् ।

संविधान घोषणाकै दौरानमा भएको व्यापक जनअस्वीकार र दर्जनौं जनताको हत्या गरेर रगतको होली खेलिएको अवस्थाको बीचमा पनि कांग्रेस, एमाले र माकेलगायतका तत्वहरूले विश्वकै 'उत्कृष्ट' संविधान भनेर हदैसम्म चिच्याएका थिए । तर उत्तिकै रोचक र रमाइलो पक्ष के छ भने तत्कालीन अवस्थामा कांग्रेस र एमालेको गठबन्धन सरकारको नेतृत्व गरेका प्रधानमन्त्री सुशील कोइरालाले आफू नेतृत्वबाट बाहिरिनुभन्दा केही दिन अघि मात्र उत्कृष्टताको तेजोबध गर्दै संविधान संशोधनको प्रस्ताव संसद सचिवालयमा दर्ता गराएका थिए । संविधान घोषणाताका एकजुट र एकमत भएका र देखिएका कांग्रेस, एमाले र माकेको एकजुटता टुटेर अहिले कांग्रेस र माकेको एकजुटता झनै कसिलो बन्दै गएको छ र संशोधनका लागि दुईतिहाइ मत पुर्‍याउन नसक्ने अवस्थामा पनि तिनीहरूले संशोधनको प्रस्ताव राख्ने र झिक्ने क्रम चलाइरहेका छन् । तर एमाले भने संविधान संशोधन हुनै नदिने 'दृढ' अडानमा रहेको देखिएको छ । संविधान संशोधनको रटान पहिलेका ६ वटा तराई-मधेस केन्द्रित दलहरू र हाल उनीहरूको एकीकरणपश्चात् बनेको राष्ट्रिय जनता पार्टी, नेपाल (राजपा) का मागहरू पूरा गराउने र उनीहरूलाई निर्वाचनमा सहभागी गराएर संविधानको स्वीकार्यतालाई 'शत प्रतिशत' पुर्‍याउने उद्देश्य राखिएको बताइन्छ । तर राजपाले संविधान संशोधन नभएसम्म निर्वाचनमा नै भाग नलिने अडान लिएको छ ।

केन्द्रीय र प्रादेशिक विधायिकाको निर्वाचन हुने अवस्थासम्म पुग्दाको परिदृश्य कस्तो हुन त्यो त अझै हेर्न बाँकी नै छ । तर अहिले चरणबद्ध रूपमा भइरहेको स्थानीय तहको निर्वाचनका दौरानमा देखिएको अत्यन्त अनौठो र रोचक पक्ष भनेको राजनीतिक पार्टीहरूका बीचमा भएको र हुने गरेका तालमेल र मेलमिलापको विषय हो । अहिलेसम्म देखिएको परिदृश्य के छ भने पद प्राप्ति गर्ने आशा र तृष्णामा जसले जोसँग पनि तालमेल र मेलमिलाप गर्न पछि पर्ने मात्र होइन कुनै कसर बाँकी राखेका छैनन् । यसरी उनीहरू 'सबैका लागि सबै मित्र' बन्न पुगेका छन् ।

स्थानीय तहको निर्वाचनका दौरान जारी गरिएका कांग्रेस र एमाले र माकेका घोषणापत्र हेर्दा यो निर्वाचनपश्चात्को केही समयमा नै नेपाल संसारकै सर्वोत्कृष्ट धनी र विकसित देश बन्नेछ भने नेपाली जनता विश्वमै अत्यन्तै सुखी र समृद्ध बन्नेछन् । तर ती कुरा सबै बकवास र पाखण्डभन्दा अरु केही पनि होइन भन्ने उनीहरूको चरित्र र व्यवहारले छर्लङ्ग पारिसकेको छ । यसबाट नेपाली जनमानस र समाजको आलोचनात्मक राजनीतिक चेतना अत्यन्तै न्यून रहेको छ भन्ने तथ्यलाई समेत उजागर गरेको छ किनभने निर्वाचनमा अत्यधिक मतदाताको मत ने.कां., एमाले र माके पक्षमा गएको देखिएको छ । ती दलहरूको झुठा आश्वासनको व्यापार राम्रैसँग चलेको छ ।

वर्तमान अवस्थामा कथित परिमार्जित संसदीय व्यवस्थाको कुरूप स्वरूप र त्यसका पक्षपातीहरूको नौटंकी हर्कत र चर्तिकला आगामी दिनहरूमा पनि दृश्यावलोकन गर्नुपर्ने स्थिति कायमै रहनेछ । यस प्रकारका देश, राष्ट्र र जनताका हितविरोधी व्यवस्था र गतिविधिको अन्त्य गरी समाज विकासको गतिलाई प्रगतिशील एवं परिवर्तनकारी दिशामा अगाडि बढाउनका लागि र संघीय जनगणतन्त्र स्थापर्ना क्रान्तिकारी शक्ति र संगठनको काँधमा ऐतिहासिक जिम्मेवारी रहेको छ । त्यस प्रकारको अहं जिम्मेवारी निर्वाह गर्नका लागि क्रान्तिकारी शक्ति र संगठनले दुईवटा महत्वपूर्ण काम गर्नु पर्दछ । त्यो काम भनेको पहिलो सम्पूर्ण उत्पीडित वर्ग र जनसमुदायलाई गोलबन्द गरी आफ्नो शक्ति र संगठन सुदृढ बनाउनु पर्दछ भने दोस्रो संसदीय खोल ओडेका प्रतिगामी र प्रतिक्रियावादी तत्वहरूको जनविरोधी गलत नीति र क्रियाकलापको व्यापक भण्डाफोर गर्नुपर्दछ । त्यस प्रकारको गम्भीर दायित्व पूरा गर्नका लागि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालजस्तो क्रान्तिकारी संयुक्त मोर्चाले नेतृत्व र पहलकदमी लिनु पर्दछ ।

## बृटिश...

पाउने र आवासीय अधिकार पाउने भन्ने फैसला हुन सक्यो ।

तर सन् १९९७ जुलाई १ भन्दा अघि (हङकङ चीनलाई फिर्ता गरेको मिति अर्थात बृगेड अफ गोर्खाज हेडक्वाटर हङकङबाट बेलायत सरेको मिति) सेवा निवृत गोरखा सैनिकहरूलाई भारतीय सैनिकसरहको पेन्सनलाई नै निरन्तरता दिइएको छ ।

त्यसरी नै सन् १९९७ पछि सेवा निवृत्त गोर्खा सैनिकहरूलाई पनि १५ वर्षको मात्र सेवा अवधि मानेर पेन्सन (भारतीय सैनिकसरह !) दिइएकोछ ।

वृटिश गोर्खाका मागहरू वेलायती राज्यसँग विगतमा जे भएता पनि गोर्खा सैनिकहरू बेलायतीसेनाका अभिन्न अंग हुन । त्यसैले उनीहरूले पाउने अधिकार र सुविधा समान हुनु पर्दछ ।

सम्पूर्ण गोर्खाहरूले समान पेन्सन, अधिकार र सुविधा नेपालमै बसेर तथा नेपालमै फर्केर पनि उपभोग गर्न पाउनुपर्छ ।

सन् १८१५ देखि सन १९४७ सम्म अर्थात त्रिपक्षीय गोर्खा भर्ती सम्झौता हुनुभन्दा पहिलेका १३२ वर्षको अवधिमा गोर्खाहरूलाई दाससरह 'भाडाको सैनिक' को रूपमा ब्यवहार गरिएको थियो । सोको हर्जाना प्रचलित अन्तर्राष्ट्रिय मान्यता र मानदण्डका आधारमा बेलायतले नेपाललाई एकमुष्ठ दिनु पर्दछ ।

सो रकम नेपाल सरकारले एउटा कोष खडा गरी गोर्खा समुदायको आर्थिक, सामाजिक तथा सास्कृतिक हित हुने कार्यमा लगाउनु पर्दछ ।

नेपाल सरकारसँग

गोर्खाहरू बेलायती सेनामा रहरले भर्ती भएका थिएनन् । विगतका शासकहरूको स्वार्थमा बेचिएका हुन् । सन् १९४७ को त्रिपक्षीय गोर्खा भर्ती सम्झौतापछि पनि बेलायतले गोर्खा सैनिकलाई भारतीय सैनिकको हैसियतमा राख्ने काम गर्‍यो ।

सेवा बेलायतको गराउने तर हैसियत भारतीय सेनाको दिने वेलायती सरकारको अन्यायपूर्ण नीतिको विरुद्ध वेलायती अदालतले २००१ मा फैसला गरेपछि मात्र गोर्खा सैनिकको हैसियत न्यायीक रूपमा समेत बेलायती सेना सरह भएको हो ।

यही हैसियतले गर्दा उनीहरूले वेलायतमा बसोवास गर्ने अधिकार र बेलायती नागरिकता लिन बाध्य भएका हुन । जवसम्म सन् १९४७ को त्रिपक्षीय सम्झौता कायम रहन्छ तवसम्म उनीहरूको हैसियत सम्झौता अन्तरगत आधिकारिक सैनिकको रूपमा रहनेछ । तसर्थ गोर्खाहरू गैर-आवासीय नेपालीहरू होइनन, नेपाली नागरिक नै हुन् । कारणवस बेलायतमा बसोवास गर्दैमा नेपालको नागरिकता खण्डित गरिनु अन्यायपूर्ण हुन्छ ।

नेपाल सरकारले सन् १९४७ को त्रिपक्षीय गोर्खा भर्ती सम्झौता खारेज गर्न पहल गर्नु पर्छ । साथै नेपालले बेलायतसँग दुई पक्षीय बार्ता गरेर गोर्खा सैनिकको समान हैसियत र अधिकार सहित नेपालमा फर्काउने काम गर्न सक्नु पर्दछ ।

नेपाल सरकार र बेलायत सरकारका अधिकारीहरूका बीच हुने वार्तामा आन्दोलनरत गोर्खा संघ/संगठनहरूको प्रतिनिधिहरूको पनि अनिर्वाय सहभागिता हुनु पर्दछ ।

विट मार्नी

बृटिश साम्राज्यवादले गोर्खालाई २०० वर्षसम्म युद्धमा होम्ने काम गर्‍यो, उनीहरूमाथि भेदभाव गर्‍यो र असमानता थोपार्‍यो । विगत २५ वर्षदेखि गोर्खाले सञ्चालन गरेको अभियान र आन्दोलनका कारण बेलायती अदालतबाट समेत २००२ मा बेलायती सरह समान अधिकार पाउने फैसला हुन सकेको थियो ।

तर बेलायती अधिकारीहरूबाट अदालतका फैसला समेतको अपव्याख्या गरियो । कानुन र कार्यविधिका बेतुके प्रविधिक झन्झटहरू खडा गरी समानताका सवालहरूलाई विषयान्तर गरियो ।

वेलायत सरकारले वार्ताबाट नै गोर्खा समस्याको समाधान निकाल्न पहल गर्नु आवश्यक छ । त्यसका लागि उसले सबै गोर्खा संघ-संगठनहरूलाई गोलमेच बार्तामा बोलाएर उनीहरूको समान अधिकार र स्वतन्त्रताको उपभोगवारे छलफल गर्नु पर्दछ ।

वेलायत सरकारले वृटिश-गोर्खा सैनिक तथा उनका परिवारहरूले समकक्षी बेलायती सैनिकसरह सबै अधिकार र स्वतन्त्रता उपयोग गर्न पाउने घोषणा गर्नु पर्दछ ।

नेपालले सन् १९४७ को त्रिपक्षीय सम्झौता खारेज गर्ने र बेलायत सरकारसँग दुई पक्षीय वार्ताद्धारा गोर्खा सैनिकको समान पेन्सन, अधिकार र सुविधा नेपालमै बसेर वा नेपालमै फर्केर उपभोग गर्न पाउनका लागि पहल गर्नु पर्दछ ।

वृटिश-गोर्खा सैनिकहरू गैर हिन्दु जनजाति समुदायको भएकाले त्यहाँ गरिदै आएको पुजाको चलन बन्द गरिनु पर्दछ ।

बेलायतको 'फुटाउ र राज गर' भन्ने नीतिका विरुद्ध वृटिश गोर्खाहरूको संगठित आन्दोलनले मात्रै अधिकार प्राप्त हुने कुरामा गोर्खाहरू विश्वस्त हुन आवश्यक छ ।

त्यसैले, गोर्खा सैनिकको समस्या समाधान भएको हैन र गोर्खाको लडाई पनि सकिएको छैन भन्ने यर्थाथलाई सबैले मनन गर्न आवश्यक छ । गोर्खाको हक,हितका पक्षमा काम गर्ने सबै संघ/संगठनहरूले पुनः एक जुट भएर संघर्ष अघि बढाउन जरुरी छ ।

## क्रान्तिकारी...

गरिरहेको एक मात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले मालेमावादी सिद्धान्तको वैचारिक महत्व र त्यसको आवश्यकतालाई बोध गर्दै स्कूलिङ चलाउँदै आएको छ । केही समय अगाडि पार्टीको केन्द्रीय स्कूल विभागले मिथिला र पूर्वी मगराँतमा चलाएको स्कूलिङको स्प्रिटलाई निरन्तरता दिदै तमुवान राज्यले राज्यका अगुवा नेता कार्यकर्ताहरूको प्रतिनिधिमूलक सहभागितामा दुईदिने वैचारिक सैद्धान्तिक विषयमा आधारभूत कक्षा सञ्चालन गरेको छ ।

तमुवान राज्यन्तर्गतका विभिन्न जिल्लाबाट १८ जना छानिएका प्रशिक्षार्थीहरूलाई चार जना प्रशिक्षकहरूले प्रशिक्षण दिएका थिए । वैज्ञानिक समाजवाद, दर्शन, संगठन, राजनैनिक अर्थशास्त्रको विषयमा नेकपा क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा तमुवान राज्यका इन्चार्ज समेत रहेका नेता श्रीनाथ अधिकारी' श्याम'ले प्रशिक्षण दिएका थिए भने दर्शन, संस्कार र संस्कृतिका विषयमा मार्क्सवादी सिद्धान्तका ज्ञाता प्राध्यापक परशुराम कोइरालाले दिएका थिए । त्यसैगरी बिज्ञान र दर्शनको विषयमा अर्का मार्क्सवादी विद्वान प्राध्यापक होमनाथ पाठकले पढाएका थिए भने क्रान्तिकारी माओवादीको राजनैतिक कार्यदिशा, रणनीति र कार्यनीतिको विषयमा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य समेत रहेका नारायण अधिकारीले स्पष्ट पारेका थिए । पोखरामा शनिबार सम्पन्न उक्त स्कूलिङमा स्याङ्जा, पर्वत, तनहुँ, कास्की र गोरखाबाट प्रशिक्षार्थीहरू सहभागी भएका थिए । स्कूलिङले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन, नेपालको कम्युनिष्ट आन्दोलन (माओवादी आन्दोलनसमेत), त्यसमा देखिएका विभिन्न धारा तथा प्रवृत्तिको विश्लेषणले नेपालमा अब कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारालाई सही रूपमा बुझ्न र अगाडि बढाउन वैचारिक तथा राजनीतिक उर्जा प्रदान गरेको सहभागीहरूले अनुभूति साटे ।

## गोर्खा...

नेपाली पनि भन्ने जस्ले अन्याय गरेको हो त्यहि देशमा जागिर खान जाने ? यस्तो पनि हुन्छ ? हुँदैन, त्यसैले द्गोर्खा भर्ति नै रोक्नुपर्छ भन्ने हाम्रो माग हो, कुनै पेशा व्यवसाय गरेर स्वदेशमै पैसा कमाउन सकिन्छ, हाम्रो देशमा राष्ट्रवादका कुरा गर्नेहरू धेरै भए तर काम गर्ने कोही भएन, आज उहाँहरूले आन्दोलन छेड्नु भएको छ, त्यसमा हाम्रो पार्टी पूर्ण सहयोग गर्छ, कांग्रेसले देशमा जे भएपनि कुनै वास्ता गर्दैन, माओवादी केन्द्रको हालत सबैलाई थाहा छ ।'

कार्यक्रममा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य हरिकृष्ण गजुरेलले नेपाल-भारत र वेलायतबीच गरिएको १९४७ को सन्धि अन्यायलाग्दो, असमान र विभेदकारी रहेको आरोप लगाए ।

गजुरेलले भने, 'वास्तवमै जुन नेपाल, भारत र बेलायतबीच भएको सन्धि नेपालको हितविपरित मात्रै होईन, यो मानव अधिकारबिरुद्ध छ, मानव तस्करी गर्ने काम भएको छ, यसलाई नेपाल सरकार र सरोकारवालाहरूले गम्भिरताका साथ लिनुपर्छ ।'

सर्वोच्च अदालतमा बिचाराधीन रहेको सो सन्धि खारेजीसम्बन्धि मुद्दा हेरिररहेका अधिवक्ता क्रमश फडिन्द्र कार्की, चन्द्रप्रसाद पोखरेल र डिल्लीप्रसाद न्यौपाने वेलायतसँग नेपालले गरेको सहमति सहजै खारेज हुने बताउँछन् ।



अधिवक्ता फडिन्द्र कार्की र चन्द्रप्रसाद पोखरेलले, 'बेलायत र भारतले मनोमानी रूपमा १९४७ मा सहमति गरे, त्यो उहिलेदेखि आजसम्म नोपलको हितमा छैन्, विश्व परिवर्तनशील छ, विषय र पस्थितिको मौलिक परिवर्तन भएमा, सम्बन्धित कुनै एक पक्षले सन्धि उल्लङ्घन गरेको खण्डमा, कुनै दुई पक्षको सहमति भएमा, सन्धिको कार्यान्वयन असम्भव भएमा, कुनै पक्षले सन्धि त्यागेमा, अन्तराष्ट्रिय कानुनमा नयाँ सर्वमान्य र आधारभुत मान्यताको उत्पन्न भएमा त्यो सन्धि खारेजी हुन्छ ।'

कार्यक्रममा ब्रिटिस गोर्खा भुतपूर्व सैनिक संघका विदेश विभाग प्रमुख उत्तम प्रसाद राई, जीवनारायण श्रेष्ठ, ईन्द्र कार्की, अन्जु थापा, जेनी कुवँर, महादेव त्रिपाठी लगायतको उपस्थिति रहेको थियो ।

क्रान्तिकारी माओवादीको तमुवान राज्यमा स्कूलिङ सम्पन्न

पोखरा । कम्युनिष्ट नामधारी दर्जनौं कम्युनिष्ट पार्टी भएको नेपालमा मालेमावादी विचार सिद्धान्तको खडेरी परिरहेको छ । सुधारवादी, संशोधनवादी र अवसरवादी कम्युनिष्टहरूले विचार सिद्धान्तको महत्वलाई असाध्यै न्यूनीकरण गर्ने, धुमिल पार्ने, विकृत पार्ने र स्वार्थ अनुसार व्याख्या गर्ने गरेका कारण कम्युनिष्ट क्रान्तिकारीहरू समेत भ्रममा पर्ने गरेका छन् । आम श्रमजीवि जनतालाई समेत वास्तविक र क्रान्तिकारी कम्युनिष्ट पार्टी पहिचान गर्न समस्या परिरहेको छ । अवसरवादी, संशोधनवादी र सुधारवादी कम्युनिष्टहरूले वास्तविक र क्रान्तिकारी कम्युनिष्ट पार्टीमाथि चौतर्फी हमला बोलिरहेको अवस्थामा सही रूपमा मालेमावादको वैचारिक सैद्धान्तिक पथप्रदर्शनमा त्यसको क्रान्तिकारी आत्मालाई आत्मसात् गरेर हिड्ने संकल्प गरिरहेको एक मात्र पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले मालेमावादी सिद्धान्तको वैचारिक महत्व र त्यसको आवश्यकतालाई बोध गर्दै स्कूलिङ चलाउँदै आएको छ । केही समय अगाडि पार्टीको केन्द्रीय स्कूल विभागले मिथिला र पूर्वी मगराँतमा चलाएको स्कूलिङको स्प्रिटलाई निरन्तरता दिदै तमुवान राज्यले राज्यका अगुवा नेता कार्यकर्ताहरूको प्रतिनिधिमूलक सहभागितामा दुईदिने वैचारिक सैद्धान्तिक विषयमा आधारभूत कक्षा सञ्चालन गरेको छ ।

तमुवान राज्यन्तर्गतका विभिन्न जिल्लाबाट १८ जना छानिएका प्रशिक्षार्थीहरूलाई चार जना प्रशिक्षकहरूले प्रशिक्षण दिएका थिए । वैज्ञानिक समाजवाद, दर्शन, संगठन, राजनैनिक अर्थशास्त्रको विषयमा नेकपा क्रान्तिकारी माओवादीका सचिवालय सदस्य तथा तमुवान राज्यका इन्चार्ज समेत रहेका नेता श्रीनाथ अधिकारी' श्याम'ले प्रशिक्षण दिएका थिए भने दर्शन, संस्कार र संस्कृतिका विषयमा मार्क्सवादी सिद्धान्तका ज्ञाता प्राध्यापक परशुराम कोइरालाले दिएका थिए । त्यसैगरी बिज्ञान


दैनिकी दुर्वाच्य... रामचन्द्र हुमागाई


# अचम्मको बहिष्कार

असार ५ गते । हिजो मनोनयन भएको दोस्रो चरणको निर्वाचनमा 'संविधान संशोधन नभइ निर्वाचन मै नजाने' भन्ने राजपा र पहिलो चरणको भनिएको निर्वाचन 'बहिस्कार' गरेको भन्ने नत्रविक्रम चन्दको पार्टीले पनि मनोनयन गरायो । आखिर खुस्किएको लँगौटी दाहिने हातले समाए पनि देब्रेले समाए पनि लाज ढाक्ने र मानौ पचाउने मात्रै त रहेछ नि !

असार ६ गते । धन्य हो, राजनीति । आमूल परिवर्तनका लागि भन्दै १० वर्ष जनयुद्धमा होमिएको पार्टीलाई बागमतीमा बगाएर आफ्नै टाउकाको मूल्य तोक्ने पार्टीका नेतासँग गर्धन जोड्दै हिंडेका प्रचण्डले सत्ता साझेदारीको क्रममा पद हस्तान्तरण गरेपछि प्रधानमन्त्री भएका शेरवहादुर देउवा छिमकी चीन र भारतको भ्रमण क्रमशः गर्ने भन्ने समाचार आजका पत्रिकाहरूले निर्धक्क छापेका छन् । 'कौवालाई बेल पाकेर हर्ष न विस्मत' भनेझैं जनतालाई यस्ता समाचार के काम ? ६/६ महिनामा प्रधानमन्त्री फेरिन्छ । फेरिएपच्छिे उसले चीन र भारतको भ्रमण गर्छ, उपहार आदानप्रदान गर्छ र करोडौं सरकारी ढुकुटीको सम्पत्ति घटाउँछ । बरु यसो गरे कसो होला ? सो रकम जम्मा गरेर एउटा राम्रै उद्योग सञ्चालन गरेर वैदेशकि रोजगारीमा ध्यान पुर्‍याउने हो भने हवाइजहाजबाट मुर्दा आउने क्रम रोकिने थियो नि !

असार ७ गते । स्थानीय तहको दोस्रो चरणको निर्वाचनमा तीन ठूला दलहरूले कुरूप गठबन्धन गरेको देखापर्‍यो । विचार र सिद्धान्तलाई टुकुचामा बगाएर जसरी हुन्छ निर्वाचन जित्नैपर्ने कुरूपताको यो पहिलो उदाहरण नै हुनुपर्छ । ठाउँ-ठाउँमा देखापरेका गठबन्धन, कांग्रेस–एमाले, माओवादी केन्द्र–कांग्रेस, माओवादी–माओवादी(चन्द) । कतै कतै राजपा र राप्रपासँग पनि मिलाइएको तालमेललाई कुरूप नभने के भन्ने ? तराई टुक्र्याउनुपर्छ भन्ने सि.के. राउतसँग गोप्य भेटघाट गर्ने राजपामा अध्यक्ष मण्डलका अध्यक्ष महन्थ ठाकुरमाथि सुरक्षा निकायका आँखा त पुगेकै छैनन् । खान नपाएर कुखुरा चोर्दै हिंड्ने फुट्पाथे चोरका पछि दर्जनौं गुप्तचर लगाउने खुविया संस्था कता डकारेर बसेको छ कुन्नी ?

असार ८ गते । आज बिहानैका रेडियो र पत्रपत्रिकाका समाचारले देशकै शिर निहुरिएको महसुस गरियो । जसले मुलुकमा शान्तिसुरक्षालाई चुस्त तन्दुरुस्त राख्नु पर्नेथियो उनीहरू नै फरारको सूचीमा रहेको र आफै अदालतमा उपस्थित भए २०% कैद माफी हुने भन्दै अदालतमा हाजिर भएका छन् । यिनीहरू अदालतको आँखामा फरारको सूचीमा थिए । यिनीहरू मात्रै होइन अरु पनि निकै प्रहरी अधिकारीहरू सुडान घोटाला काण्डमा मुछिएका थिए । केही हप्ता अगाडि मात्रै सर्वोच्च अदालतले फैसला सुनाएको थियो । पत्रिकाहरूले गौरवका साथ पोसाक लगाएका अपराधीहरूको तस्विरसहित प्रकाशित गर्दा देशले शिर निहुराउनु परेको हो । भनिन्छ, सुडान घोटाला काण्डमा तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौलाका हात र खुट्टा सबै चोवलिएका छन् । यिनीहरूका हस्ताक्षरले जेल पुर्‍यो ।

असार ९ गते । निजामती सेवाका सचिव गोपीनाथ मैनाली हिजोसम्म निकै पारदर्शीता कुरा गर्दै थिए आज त निर्वाचन अयोगबाट घोक्र्याउँदै प्रधानमन्त्री शेरबहादुर देउवाले आफ्नै मन्त्रालयमा पो ल्याइपुर्‍या'को समाचार आउँछ त ! मीठो मसिनो मिलाएर खान र ख्वाउन जाने पो सबैको हाइहाइ हुइन्छ त ! नीति र नियममा हिंड्ने हो भने नाति पनातिले पनि गाली गर्ने देशमा पारदर्शी कसरी टिक्ला त मैनाली जी ! अघोरीप्रसाद यादवका पनि नाति नातिना होलान् । पजेरो खरिद गरेपछि अवकास पाउँदा पजेरोसँगै घर जान पनि पाइएला । घरमात्रै किन ? आर्यघाटमा पनि पजेरोमै जाने रहर होला नि ! ख्वै तपाईंले कुरा बुझेको ? त्यसमाथि अहिलेका प्रधानमन्त्री त प्राडो र पजेरोका यति प्यारा छन्, जसलाई ज्योति भन्दा पनि बढी माया गर्छन् ।

असार १० गते । गणतन्त्र आएपछि भएको संघीय स्थानीय तहको निर्वाचनमा आफू निर्वाचित भएपछि के के न गर्छ भन्दै ठूलै डाँको गरेर नयाँ पञ्चे पगरी भिर्ने गणतन्त्रवादी मण्डलेहरूको पहिलो प्राथमिकतामा महँगो मोबाइल खरिद पो परेछ । कठैबरा नवमण्डलेहरू बरु आफैं आची गरेर पछाडी मुख फर्काउँदै ल्याप ल्याप गरेको भए राम्रै हुने थियो नि ! कस्तो जानेर २०३६ सालमा नेपाली शव्दकोशमा 'मण्डले'को अर्थ सरकारी ढुकुटीमा अहाल खेल्ने, सरकारी महामण्डलेहरूको बढी गार्डको रूपमा अघिपछि गर्ने, मुसदण्डे भनेर सम्बोधन गरेर राम्रै गएिछ ।

असार ११ गते । अजब नेपालको गजब राजनीतिमा थरिथरिका कार्यकर्ता छन् । नेता त राजनीतिमा हुने नै भए, विद्यार्थी नेता, पत्रकार नेता, मजदुर नेता, व्यापारी नेता, कर्मचारी नेता, प्रहरी नेता, सैनिक नेता, आवासीय नेता, गैर आवासीय नेता, कुटनीतिज्ञ नेता, तस्कर नेता र भ्रष्टाचारी नेतासमेत थपिएर नेपालको नशा-नशा चुसिसकेका छन् । यतिबेला कांग्रेसी नेता र कम्युनिष्ट हुँ भन्ने भ्रष्टाचारी नेताको बोलवाला निकै चलेको छ, त्यसैले त कांग्रेसी नेताको पहुँच पुगेर होला सुडान घोटाला काण्डका प्रहरी नेताहरू डिल्लीबजारको खोरमा चक्की पिस्तै छन् भने अर्का बहालवाला २१ अर्ब अन्तःशुल्क घोटाला काण्ड लागेका तर छानविनको दायरामा रहेका बहालवाला भ्रष्टाचारीलाई बचाउन वड्का कांग्रेस नेता रामशरण महत दिलोज्यानले लागेको गाइँगुइँ चलिरहेको छ । धन्य हो नयाँ मण्डले हो, कतिन्जेल यो देशको नशा चुस्छौ चुस तर यी सबै क्रियाकलाप हेरेर अर्को जेहेन्दार वर्ग पनि बसेको छ भन्ने कुरा ख्याल गर । तीन पुस्ता अगाडी र तीनपुस्ता पछाडीसम्मको साँवा व्याज एकैपटक तिर्नुपर्ला ।

र दर्शनको विषयमा अर्का मार्क्सवादी विद्वान प्राध्यापक होमनाथ पाठकले पढाएका थिए भने क्रान्तिकारी माओवादीको राजनैतिक कार्यदिशा, रणनीति र कार्यनीतिको विषयमा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य समेत रहेका नारायण अधिकारीले स्पष्ट पारेका थिए । पोखरामा शनिबार सम्पन्न उक्त स्कूलिङमा स्याङ्जा, पर्वत, तनहुँ, कास्की र गोरखाबाट प्रशिक्षार्थीहरू सहभागी भएका थिए । स्कूलिङले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन, नेपालको कम्युनिष्ट आन्दोलन (माओवादी आन्दोलनसमेत), त्यसमा देखिएका विभिन्न धारा तथा प्रवृत्तिको विश्लेषणले नेपालमा अब कम्युनिष्ट आन्दोलनको क्रान्तिकारी धारालाई सही रूपमा बुझ्न र अगाडि बढाउन वैचारिक तथा राजनीतिक उर्जा प्रदान गरेको सहभागीहरूले अनुभूति साटे ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

**टाटा सुमो सेवा**

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

**स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा**

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर


| काठमाडौं फोन | बाग्लुङ |
|---|---|
| ०१४३८८३९३ | ०६८५२२२२० |

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

# आलोपालो

## बृटिश शासकवर्गको हेलाहोचोमा परेका गोर्खा सैनिक : मुकदर्शक नेपाल सरकार !



सीताराम तामाङ

*लाहुरेको रेलिमाई फेशनै राम्रो*
*काँधमा रेडी रेलिमाई बुठजुत्ता ठोकेको !*

बाबु, बडाबाबु र काकाहरू लाहुरे, पछि आफ्ना दामालीहरू पनि लाहुरे र हुँदाहुँदा गाउँ नै लाहुरे । अधिपछि २ जना भरिया, काँधमा रेडियो बाजा, हातमा घडी, सिपाही पोसाक र खुट्टामा बुठजुत्ता बजाउँदै गाउँ फर्केकास गोजीमा पैसाको विटो वोकेका, गाउँमा इष्टमित्रलाई लुगाफाटा बाँडेका र हाट बजार-मेलामा साईली माईली अधिपछि लागेका दृष्य देख्दा लाहुर नजानु ठूलै गल्ती पो गरैं कि भन्ने लाग्ने ! अभै गुदी तत्वको कुरो त के थियो भने लाहुरेको रोजाईमा नपरेका गाउँका सोल्टीनीहरूमात्र हामीजस्ता स्कूल, कलेजमा पडुवाहरूको हातलागि हुने । जे होस, गाउँघरमा, लाहुरे संस्कृति आकर्षणको विषय थियो । त्यस्तो संस्कृतिमा हुर्केको हुनाले विद्यार्थी आन्दोलनमा (बाम खेमा) उत्रँदा 'गोर्खा भर्ती बन्द गर !' भन्ने नारा लगाउनु पर्दा असजिलो लाग्दथ्यो ! तर गोर्खा भर्तीको इतिहास पढ्दै जाँदा वृटिश र भारतले गरेको 'भाडाको सैनिक'को व्यवहार र राणा तथा राणापछिका सरकारहरूले चाकरीका लागि मौनता साँधेको देख्ता 'नेपालको सत्ताको दास मनोवृत्तिमाथि' टिठ लाग्नु स्वभाविकै हो । हामीले गोर्खा भर्तीको विरोध त गऱ्यौं तर त्यहाँ गोर्खाली सिपाहीले भोगेको भेदभाव र नेपालका मित्र राष्ट्रहरू तथा न्यायप्रेमी जनताका विरुद्ध उनीहरूलाई युद्धमा होम्दै आएको घटनातर्फ ध्यान दिएनौं या मुकदर्शक बन्यौं ! गोर्खा भर्तीका विरोध गर्ने राजनीतिक दलका नेताहरूले पनि सरकार चलाएको ३० वर्ष भैसकेकोछ, तर कसैले पनि वेलायत र भारतसँग गोर्खा भर्ती संभौंताको विरोध गर्न चाहेको /सकेको देखिँदैन । वृटिश गोर्खा भूतपूर्व सैनिक सँघ/संगठनले न्यायपूर्ण हक हितका लागि संघर्ष चलाएको पनि २५ वर्ष काटिसकेको अबस्था छ तैपनि नेपालका सरकारहरूले गोर्खा सैनिकका सम्बन्धमा, कम्तिमा पनि प्रचलित अन्तर्राष्ट्रिय कानुनले दिएको समान अधिकार र ब्यवहारको पक्षमा समेत बोल्न नसकेको अवस्था छ । यसै विषयमा यहाँ छलफल चलाईनेछ ।



**२) गोर्खा भर्ती : दासताको उपज**

डा. हर्क गुरुङले (हिमाल किताव २००२) गोर्खा भर्तीको मार्मिक इतिहास खोतलेका छन् । उनका अनुसार गोर्खा राज्यको विस्तारक्रममा पृथ्वी नारायण शाहको नेतृत्वमा रहेका खस, मगर र गुरुङको सामुहिक फौजको सामरिक सफलता उपल्लो दर्जाको रहेको थियो । सो फौजले सन् १७४४ देखि सुरु गरेर त्यसको ७२ वर्षपछि (सन् १८१६) गोर्खा साम्राज्य पूर्वमा टिस्टादेखि पश्चिममा सतलजसम्म (भण्डै १,५०० कि.मि.) फैलाउन सक्यो । तर त्यस वखत उता हिन्दुस्थान मैदानमा बृटिश साम्राज्यवादको जगजगी बढ्दै थियो र सन् १८१४ मा यी दुइ क्षेत्रीय शक्तिका वीच युद्ध हुन गयो । गोर्खालीको हार भयो । सन १८१६ को सुगौली सन्धिपछि गोर्खाली राज्य मेची महाकाली नदीवीच खुम्चियो । तर नालापनी, जैथक र मलाउँको भिडन्तमा गोरखालीले देखाएको बहादुरीबाट अंग्रेजहरू प्रभावित भएकाले जर्नेल अक्टरलोनीले सन् १८१५ मा मलाउँ कब्जा गरेपछि काजी अमरसिंह थापासित गरेको संभौंता अनुसार अंग्रेजहरूले गढवाली, कुमाई र गोर्खालीलाई भर्ना गरी तीन पल्टन खडा गरेका थिए । त्यसपछि अंग्रेजहरूले आफ्नो फौजमा गोर्खाली पल्टन आठ पुऱ्याए । सन् १८८५ मा वीर समसेरले अंग्रेजसँग गोर्खासम्बन्धमा आधिकारिक सहमती गऱ्यो र त्यसपछिका राणा सरकारहरूले निरन्तरता दियो । चन्द्र समसेरले त लाहुर जान उर्दी नै लगाएको थियो, नत्र मुखिया-तालुकदारलाई सजाय हुने ।

भर्नामा अंग्रेजहरूले सुरुदेखि नै मतवालीलाई (जनजाति) प्राथामिकता दिने चलन बसाले । त्यसमध्य पनि मुख्य गरी मगर र गुरुङ थिए । सन् १८९४/९५ मा राई, लिम्बु, १९०६/०७ मा सुनुवार र सन् १९१५/१६ देखि तामाङ र नेवार सामेल गरियो । एउटा अध्ययनले के देखाएको छ भने श्री ३ चन्द्र समसेरले प्रथम विश्वयुद्धमा अंग्रेजको भक्तिस्वरूप नेपालको दुई लाख युवाहरूलाई युरोपका युद्धहरूमा होमेका थिए ९ीयलमयल, ज्ञढद्दडस्० । ती युवाहरूले अंग्रेजहरूको 'भाडाको सैनिक'को रूपमा युरोपका विभिन्न युद्ध मोर्चामा लडेका थिए । वास्तवमा गोर्खाली भर्ना विषय नेपालका शासकका लागि कूटनैतिक मुद्रा वन्न पुग्यो । वेलायतले सन् १९२३ को संभौंता मार्फत नेपालको सार्वभौम अस्तित्वको मान्यता दिनुमा प्रथम विश्वयुद्धमा गोर्खाली वहादुरीको ठूलो भूमिका थियो । बृटिश सरकारले गोर्खाली सेवाको कदर स्वरूप सन् १९१९ देखि नेपाल सरकारलाई रु. १० लाख बार्षिक सलामी दियो र सो रकम सन् १९४५ देखि दोब्वर गरिएको थियो । अर्को, प्रायः सबै गोर्खाहरू गैर हिन्दु मतवाली (जनजाति !) भए पनि तिनको पल्टनमा नेपालबाट बाहुन पुरेत पठाईने गरेको र उनीहरू समुन्द्रपारबाट घर पर्किदा पतिया गर्नुपर्दथ्यो जसको भेटी वडागुरुज्युको पेवा हुन्थ्यो ।

दोस्रो विश्वयुद्धमा (१९४०-४५) गोर्खा सैनिक भर्ना २ लाख ५० हजार पुगेको थियो । वृटिश साम्राज्यको रक्षार्थ गोर्खा सैनिकले पश्चिममा जर्मन शत्रुका विरुद्ध इराक, प्यालेस्टाईन, सिरिया, साईप्रस, मिश्र, टयुनिसिया, ईटाली र पूर्वमा जापान शत्रुका विरुद्ध बर्मा, मलेसिया, बोर्निओमा युद्ध गरे । भारत सीमान्तका अफगानिस्तान, पूर्वी आसाम र कास्मिरमा लडे । केहीले अरबको रेगिस्तान र मलेसियाको औलिया जंगलमा लड्नु परेको थियो ।

सुगौली सन्धि हुनु अघि १२,००० गोर्खा सैनिकले ४६,००० अंग्रेज सेनाका विरुद्ध लडेका थिए । उनीहरूको स्थिति सार्वजनिक गरिएको छैन ।

प्रथम र दोस्रो विश्वयुद्ध तथा अन्य युद्ध र द्धन्द्धहरूमा १५,००० सैनिक मारिएकास ४५,००० हजार घाइते भएका र वेपत्ता भएका थिए । उनीहरू कहाँ र कसरी मरे, मारिए वा. घाइते र वेपत्ता भए भन्ने तथ्य वेलायत वा नेपाल सरकारले सार्वजनिक नगरेको अवस्था छ ।

विश्वशान्तिका प्रतीक गौतम बुद्ध जन्मेको देशमा राज्य तहबाटै आफ्ना नागरिकहरूलाई विदेशी सेनामा चीन र पाकिस्तान जस्ता आफ्ना मित्रराष्ट्रका विरुद्ध र अर्जेन्टिना (फकल्याण्ड) तथा इराकदेखि अफगानिस्तानसम्मका न्यायप्रेमी जनताका विरुद्ध 'भाडाको सैनिक' को रूपमा गलत युद्धमा होम्ने काम गरियो र गरिदैछ ।

सन् १८१५ देखि १९४७ सम्मको १३२ वर्ष गोर्खा सैनिकहरू बिशुद्ध भाडाका सिपाही थिए । उनीहरूको सेवाका शर्त र सुविधा कतै केही पनि उल्लेख थिएन । अफ्रिकाबाट काम गर्न ल्याइएको दास र नेपालबाट युद्ध लड्न लगिएका गोर्खा सैनिकहरूको हैसियत एउटै थियो । सन् १९४७ मा भएको त्रिपक्षीय गोर्खा भर्ती संभौंतापत्रले मात्र प्रथम पटक उनीहरूको सेवाका शर्त र सुविधाका बारे बोलेको थियो ।

तर १९४७ को गोर्खा भर्ती संभौतापछि वृटिश गोर्खा सैनिकलाई पनि भारतीय गोर्खा सैनिककै हैसियतमा सीमित गऱ्यो ।

**३) गोर्खा सैनिकको अवस्था र संघर्ष**

सन् १९९० को जनआन्दोलनबाट बहुदलीय ब्यवस्थाको पुनर्स्थापना भएपछि त्यही स्वतन्त्रताको उपयोग गर्दै गोर्खा आन्दोलन सुरु गरिएको थियो । नेपालभित्र धेरै अभियान र आन्दोलन गरिए । तर केही भएन । नेपाल सरकारले वेलायतले गोर्खा सैनिकमाथि गरेको अन्याय र विभेदको विरुद्ध बोल्न चाहेन/सकेन ।

नेपाल सरकारले गोर्खा सैनिकका बारेमा/पक्षमा बोल्न नचाहेको/नसकेको हुनाले यो आन्दोलनलाई गोर्खा संगठनले नै अन्तराष्ट्रियकरण गर्दै अन्ततः बेलायत केन्द्रित गऱ्यो । बेलायतले भू.पु.गोर्खा सैनिकलाई बेलायतमा घुम्न समेत प्रवेशाज्ञा नदिएको अबस्थामा वकिलहरूको सहयोगबाट बेलायतको अदालतको ढोका घचघच्याउन सफल भएको कारण सन् २००१ मा सेवारत गोर्खाहरूले वेलायतीसरह समान अधिकार ...बाँकी ७ पेजमा

## रामेछाप-उपत्यका जनगणतान्त्रिक सम्पर्क मञ्चको भेला आयोजक समिति गठन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट जनगणतान्त्रिक सम्पर्क मञ्चको एक भेलाले रामेछाप-उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) जनगणतान्त्रिक सम्पर्क मञ्चको भेला आयोजक समिति गठन गरेको छ । शनिबार काठमाडौंमा भएको उक्त भेलाले पदम थापाको संयोजकत्वमा २१ सदस्यीय भेला आयोजक समिति गठन गरेको हो । उक्त भेला आयोजक समितिका सदस्यहरूमा भीम तामाङ, प्रविण वल, रामबहादुर बस्नेत, रामकुमार दोङ, जितेन्द्र दाहाल, केशव गौतम, खड्ग थापामगर, रमेश बोहोरा, शेरबहादुर तामाङ, पदम लामा, विष्णु आले, जितबहादुर देवकोटा, सुजन क्याप्छाकी मगर, छिरिङ लामा, दिलकुमार थापा मगर लगायत रहेका छन् । भेलाले पदम थापा, प्रविण वल, रामकुमार दोङ, खड्ग थापा मगर, शेरबहादुर तामाङ, जितबहादुर देवकोटा र सुजन क्याप्छाकी मगर रहेको सात सदस्यीय कार्यालय टिम पनि निर्माण गरेको छ ।

उक्त भेलाले साउन ७ गते भव्य रूपमा भेला आयोजना सफल बनाउन मञ्चको सदस्यता वितरणलाई अभियानको रूपमा लैजाने निर्णय समेत गरेको छ ।

भेलामा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य संयोजन समितिका संयोजक दिनेश शर्मा सागर, केन्द्रीय सदस्य तथा फ्र्याक्सन सहइन्चार्ज भक्तराज थापा'अपिल', केन्द्रीय सदस्य तथा जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय संयोजक हरि कृष्ण गजुरेललगायतले मन्तव्य राखेका थिए भने केन्द्रीय सदस्यहरू फुर्नाम्गेल मोक्तान र विन्दा मगरको उपस्थिति रहेको थियो ।

### देजमो सप्तरीको सुरुङ्गा नगरको अध्यक्षमा बद्री परियार

सप्तरी । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको एक भेलाले सप्तरीको सुरुङ्गा नगरपालिकाको अध्यक्षमा बद्री परियारलाई निर्वाचित गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य तथा मिथिला राज्य इन्चार्ज कृष्णदेव सिंह दनुवार र देजमोका कार्यालय सदस्य कमल चौधरीको मुख्य उपस्थितिमा सम्पन्न उक्त भेलाले मोर्चाको नगर सचिवमा जगत सुन्दर विकलाई सचिवमा निर्वाचित गरेको छ भने सदस्यहरूमा धनेश्वर चौधरी, बलिकान्त चौधरी, सुष्माकुमारी लोहनी, रेवती प्रसाद चौधरी, शर्मिला चौधरी, कारी सदा, रामदेव विकलगायत रहेका छन् । ११ सदस्यीय कमिटि निर्माण गरेको उक्त भेलामा पार्टीका केन्द्रीय सल्लाहकार तथा देजमो सप्तरी संयोजक सूर्यनारायण चौधरीलगायत नेताहरूको उपस्थिति रहेको थियो ।

## दार्जिलिङबासीको...

सहिद घोषणा गरी समुचित क्षतिपूर्ति दिन र शान्तिपूर्ण आन्दोलनमा राज्यद्वारा गरिदै आएको दमनलाई रोक्न भारतको पश्चिम बंगाल सरकारसित जोडदार आग्रह एवं अनुरोध गर्दछ ।'

## देजमोका...

विदेशी प्रतिक्रियावादी शक्तिहरू खासगरी भारतीय विस्तारवादको तावेदारी गर्ने नेपाली कांग्रेस र माओवादी केन्द्रले पटक-पटक गठबन्धन सरकारको नेतृत्व गरिरहेको घटनालाई हेर्दा नेपालको राष्ट्रिय स्वाधीनताले अब सिक्किमकै बाटो समात्ने हो कि भन्ने आशंका र भय धेरै तिरबाट व्यक्त भैरहेको छ । प्रतिक्रान्तिको असरका रूपमा नेपाली समाजमा शुरु भएको प्रतिक्रियाकालमा आयोजित 'स्थानीय तहको निर्वाचन'ले देशका अगाडि उपस्थित समस्याको समाधान गर्ने नभएर स्थितिलाई भन विकराल बनाउने कुरा निश्चित छ । तथापी यतिखेर क्रान्तिकारी आन्दोलन उतारमा गएको र जनसम्बन्ध सुदृढ बनाउन अत्यन्त जरुरी भएको हुनाले हाम्रो संगठनले यो निर्वाचनलाई क्रान्तिकारी उपयोग गर्ने नीति लिएको हो । यो पश्चगामी संविधान र प्रतिक्रियावादी व्यवस्थाको विरोधमा जनतालाई संगठित गर्दै संघर्षलाई अगाडि बढाउनका लागि नयाँ मोर्चा निर्माण गर्नु र क्रान्तिकारी आन्दोलनलाई उठाउनु नै अहिलेको प्रमुख जिम्मेवारी हो भन्ने हाम्रो बुझाइ छ ।

अन्तमा आमूल परिवर्तनको पक्षमा उभिएको एकमात्र संगठन देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल समर्थित उम्मेदवारहरूलाई विजयी बनाउन पनि हामी यहाँहरूसँग विनम्र अनुरोध गर्दछौं ।

***केन्द्रीय कार्यालय***
***२०७४ असार ६ गते देशभक्त***
***जनगणतान्त्रिक मोर्चा, नेपाल"***







## घाइते मजदुरलाई क्रान्तिकारी सेक्युरिटी संघद्वारा आर्थिक सहयोग



काठमाडौं । क्रान्तिकारी ट्रेड युनियन महासंघअन्तर्गत क्रान्तिकारी सेक्युरिटी संघले घाइते मजदुरलाई सहयोग गरेका छन् ।

गोरखा सुप्रिम सेक्युरिटी सर्भिस प्रा.लि. नख्खु दोबाटो ललितपुर स्थित कम्पनीमा कार्यरत सुरक्षा गार्ड ड्युटीमा रहेको समयमा जेठ २७ गते एक्कासी लडेर घाइतेलाई काठमाडौंको जोरपाटीस्थित अर्थोपेडिक अस्पतालमा भर्ना गरी उपचार गरिरहेको थियो । आर्थिक अवस्था अत्यन्तै नाजुक भएकोले उपचारको लागि खर्च जुटाउन धौ-धौ परेकाले आफ्ना आफन्तसँग हारगुहार गरी साथ सहयोगको खोजीमा रहेका उनलाई अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघको सशक्त पेशागत घटक संगठन अखिल नेपाल क्रान्तिकारी सेक्युरिटी संघ गोरखा सुप्रिम सेक्युरिटी मूल कमिटीको पहलमा गोरखा सुप्रिम कम्पनीमा कार्यरत सुरक्षा गार्डको तर्फबाट सहयोगार्थ स्वेच्छिक रूपमा नगद ५ हजार ८ सय रूपैयाँ अ.ने.क्रा. सेक्युरिटी संघका केन्द्रीय उपाध्यक्ष तथा ललितपुर जिल्ला महासंघका उपाध्यक्ष ओमबहादुर वि.क र सेक्युरिटी संघका केन्द्रीय सचिव ललितपुर महासंघ कार्यालय सदस्य तथा गोरखा सुप्रिम मूल इकाइ कमिटी उपाध्यक्ष विनोद बरामको तर्फबाट घाइते बिरामी बद्री गौतमलाई उपचारको लागि असार ११ गते घरमै गएर एकमुष्ट रकम प्रदान गरी सहयोग गरियो ।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।